सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ माघ २०८०, बुधबार (17 Jan 2024, Wednesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २६८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

काभ्रेको पाँचखालमा १९ वर्षीया किशोरीमाथि सामूहिक बलात्कार

घटनामा संलग्न चारजना पक्राउ, अनुसन्धानका लागि सात दिनको म्याद थप

नयाँ पत्रिका

काभ्रेको पाँचखाल नगरपालिका- ७ शिखरपुरस्थित जंगलमा १९ वर्षीया किशोरी सामूहिक बलात्कारमा परेकी छिन् । प्रहरीका अनुसार उनलाई स्थानीय चार मजदुरले २७ पुसको साँझ सामूहिक बलात्कार गरेका थिए ।

जिल्ला प्रहरी कार्यालय काभ्रेका अनुसार घटनामा संलग्न उदयपुर ताप्ली- ८ का धीरज हमाल, भोजपुर षडानन्द- ८ का घनश्याम श्रेष्ठ र अन्य दुई १७ वर्षका बालक रहेका छन् । घटनामा संलग्न चारैजनालाई प्रहरीले पक्राउ गरेको छ ।

जिप्रका काभ्रेका प्रमुख एसपी भाग्यन्द्रपुरुष ढकालले घटनामा संलग्न चारैजनालाई पक्राउ गरिएको र अनुसन्धानका लागि सात दिनको म्याद थप भएको बताए । '२७ पुसको साँझ किशोरी सामूहिक बलात्कारमा परेको सूचना आयो । प्रहरीले घटनाको अनुसन्धान गऱ्यो । यस क्रममा घटनास्थलआसपासका शंकास्पद ६० भन्दा धेरैलाई पक्राउ गरियो,' उनले भने, 'अन्ततः चारजना घटनामा संलग्न रहेको खुल्यो । उनीहरूलाई पक्राउ गरिएको छ । जसमध्ये दुई युवा र दुई बालक छन् । उनीहरू सोही क्षेत्रमा ज्याला-मजदुरी गर्दै आएको खुलेको छ ।'

जिल्ला प्रहरी कार्यालय काभ्रेका अनुसार किशोरी २७ पुसको साँझ साथीसँगै इभिनिङ वाकमा घरबाहिर निस्केकी थिइन् । साथी घर फर्किइन्, तर किशोरी बेलुकासम्म पनि नफर्केपछि परिवारका सदस्य खोज्न निस्केका थिए । यही क्रममा किशोरी रूखमा झुन्डिन तयार भएको अवस्थामा फेला परिन् । परिवारका सदस्यले तत्काल

» पृष्ठ २ मा क्रमशः

मुगु घटना

पक्राउ परेका पाँचमध्ये तीनजनालाई १३ दिन थुनामा राखेर अनुसन्धान गर्न अदालतको अनुमति

मुगुमा **अच्युतराज भण्डारी**

मुगुमा १४ वर्षीया बालिकामाथि चार महिनाअघि सामूहिक बलात्कार भएको आरोपमा पक्राउ परेका पाँचमध्ये तीनजनालाई थप अनुसन्धानका लागि १३ दिनको म्याद थप गरिएको छ । बलात्कारमा संलग्न भएको आरोपमा प्रहरीले पाँचजनालाई पक्राउ गरेको थियो । तीमध्ये तीनजनालाई थप अनुसन्धानका लागि जिल्ला अदालतबाट १३ दिनको म्याद थप गरिएको जिल्ला प्रहरी कार्यालय मुगुका प्रहरी निरीक्षक भूपेन्द्र बुढाथोकीले बताए । दुईजनालाई म्याद थपका लागि बुधबार अदालत पेस गरिने उनको भनाइ छ । घटनामा संलग्न चारजना फरार छन् ।

छायाँनाथ रारा नगरपालिका- १४ घर भई हाल गमगढी बजारमा बस्दै आएकी बालिकामाथि नगर प्रहरीका एक जवानसहित नौजनाले सामूहिक बलात्कार गरेको प्रहरीले जनाएको छ । बलात्कार आरोपमा नगर प्रहरी र सरकारी कर्मचारीसहित पाँचजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा छायाँनाथ रारा नगरपालिकामा कार्यरत नगर प्रहरी वसन्तबहादुर कार्की र कृषि विकास कार्यालय मुगुका कार्यालय सहयोगी वसन्त रोकाया छन् ।

सेयर बजारमा उल्लास

दुई वर्षपछि ८ अर्ब कारोबार भएको सेयर बजारमा नेप्से परिसूचक ६ महिनायताको उच्च विन्दुमा

■ शिथिल सेयर बजारमा केही समययता देखिएका सकारात्मक सूचकले डिम्याट खाता भएका ६० लाख ५० हजार व्यक्तिगत र ६७ सय संस्थागत लगानीकर्ता आशावादी

२ माघ ०७८ मा ६९ अंकले बढेर नेप्से सूचक २९२६.७४ विन्दुमा पुगेको थियो । सो दिन ९ अर्बको कारोबार भएको थियो । निरन्तर घटिरहेको बजार ३६ कारोबार दिनअघि अर्थात् ६ मंसिरमा ९१ करोड ९० लाखसम्म खुम्चिएको थियो । त्यसयता लय समाउन खोजेको बजारमा मंगलबार आठ अर्ब दुई करोडको कारोबार हुँदा सूचक २१७५.१७ मा बन्द भएको छ ।



भोजराज भण्डारी/नयाँ पत्रिका

सेयर बजारमा करिब दुई वर्षयताकै उच्च अंकको कारोबार भएको छ । लामो समयदेखि सुस्त सेयर बजारमा मंगलबार आठ अर्ब दुई करोड ३८ लाख रुपैयाँको कारोबार भयो । आइतबारको तुलनामा नेप्से परिसूचक ५४.५४ अंकले बढेर २१७५.१७ विन्दुमा पुग्दा सेयर कारोबार तीन अर्बले बढेको हो । आइतबार पाँच अर्ब चार करोड रुपैयाँको सेयर कारोबार भएको थियो । यसअघि २० माघ ०७८ मा आठ अर्ब ६९ करोड २१ लाख रुपैयाँको कारोबार भएको थियो । त्यतिवेला नेप्से २८७६.७४ विन्दुमा थियो ।

मंगलबार र २० माघ ०७८ को कारोबार रकम करिब बराबर हुँदा नेप्से सूचकमा भने धेरै अन्तर छ । अर्को भिन्नता भनेको नेप्से बढ्ने क्रममा आठ अर्बको कारोबार भएको छ भने २० माघ ०७८ मा नेप्से ओरालो लाग्ने क्रममा भएको थियो । त्यतिवेला नेप्से क्रमशः घट्ने क्रममा थियो, अहिले भने नेप्से बढ्ने क्रममा कारोबार ह्वात्तै बढेको छ । यो करिब ६ महिनायताकै उच्च विन्दु हो । अब यसले निरन्तरता पाउँछ कि पाउँदैन भन्ने मुख्य चासो छ ।

'बैंकको ब्याजदर घटेको छ, यसको अर्थ पैसा सस्तिएको हो । पैसा सस्तिँदा ऋण लिएर लगानी गर्ने पनि बढेका छन्, अर्कोतर्फ जसले बैंक तथा वित्तीय संस्थामा बचत गरेका थिए, उनीहरूले पनि ब्याजदर कम भएका कारण पैसा झिकेर सेयर बजारमा लगाएका हुन सक्छन्,' सेयर विश्लेषक रवीन्द्र भट्टराई भन्छन्, 'बजारमा सकारात्मक समाचार आइरहँदा त्यसले थप लगानी र लगानीकर्तालाई

» पृष्ठ २ मा क्रमशः

बजार बढ्नुका ५ कारण

१ बैंकको ब्याजदर घट्नु

निक्षेपको ब्याजदर एकल अंकमा झरेको छ । बैंकहरूले माघदेखि लागू हुने गरी निक्षेपको ब्याजदर औसतमा ०.८३ प्रतिशत विन्दुले घटाएका छन् । निक्षेपको ब्याजदर घटाएसँगै आधारदर र कर्जाको ब्याजदरसमेत घट्नेछ ।

२ आर्थिक वृद्धिदरको तथ्यांक

राष्ट्रिय तथ्यांक कार्यालयले चालू आर्थिक वर्षको पहिलो त्रैमासमा देशको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) ३.२ प्रतिशतले वृद्धि भएको अनुमानसहितको प्रतिवेदन शुक्रबार सार्वजनिक गरेको छ । अर्थतन्त्र मन्दीमा रहेको चर्चाबीच सार्वजनिक तथ्यांकले सम्पूर्ण आर्थिक क्षेत्रमा साहस एवं विश्वास बढाएको छ ।

३ भारतसँग विद्युत् बिक्री सम्झौता

नेपाल-भारतबीच १० हजार मेगावाट विद्युत् खरिद-बिक्री सम्झौतापछि मंगलबार जलविद्युत् क्षेत्रका आठ कम्पनीको सेयर मूल्य १० प्रतिशतले बढेर सकारात्मक सर्किट लागेको छ । नेपाल-भारतबीच दीर्घकालीन महत्त्वको विद्युत् व्यापार सम्झौता भएको छ, जसअनुसार भारतले १० वर्षमा कम्तीमा १० हजार मेगावाट विद्युत् खरिद गर्नेछ । यस सम्झौताले बजार सुनिश्चित गरेको भन्दै जलविद्युत् क्षेत्र उत्साहित बनेको छ । जसको प्रभाव सेयर बजारमा समेत देखिएको छ ।

४ लचिलो मौद्रिक नीति

नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको समीक्षामार्फत ब्याजदर करिडोरका सबै सीमा घटाएर लचिलो नीति लिएको छ । केन्द्रीय बैंकले बैंकदरलाई ७.५ प्रतिशतबाट घटाई सात प्रतिशत, नीतिगत दरलाई ६.५ प्रतिशतबाट घटाई ५.५ प्रतिशत र निक्षेप संकलन बोलकबोल दरलाई ४.५ प्रतिशतबाट घटाई तीन प्रतिशत कायम गरेको छ । यसले कर्जा विस्तार हुने अपेक्षा गरिएको छ ।

५ सेयर कर्जाको जोखिम भार घट्नु

नेपाल राष्ट्र बैंकले अघिल्लो महिना मौद्रिक नीतिको समीक्षा गर्दै सेयर बजारका लागि खुकुलो कर्जा नीति लिएको छ । बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने ५० लाख रुपैयाँभन्दा बढीको सेयर धितो कर्जाको जोखिम भार घटाई १२५ प्रतिशत कायम गरेको छ ।

बैंकको ब्याजदर घट्नेदेखि अर्थतन्त्रका सकारात्मक सूचकले बजार बढायो



रवीन्द्र भट्टराई
सेयर विश्लेषक

सेयर बजार बढ्नुको मुख्य कारण ब्याजदर घट्नु नै हो । बैंकहरूले माघ लागेपछि ब्याजदर थप घटाएको सूचना निकालेका छन् । ब्याजदर घट्दा बैंकको आधारदर र ऋणको ब्याजदर पनि घट्छ, यसर्थ ऋण सस्तो हुँदै जान्छ । ऋण लिएर लगानी गर्न सहज हुन्छ । यसले लगानीकर्ता आशावादी भएको हुनुपर्छ । अर्कोतर्फ, बैंकमा ब्याज कम भएपछि बचतबाट झिकेर सेयर बजारमा लगानी गर्ने पनि हुन्छन् । यस्ता कारण सेयर बजारमा कारोबार वृद्धि भएको हो । ब्याजदरका अलावा केन्द्रीय बैंकले लिएको लचिलो नीति र अर्थतन्त्रका सूचकमा आएका सुधारले पनि सेयर बजारमा उत्साह थपेको छ । बजार अझै बढ्दै जाने देखिन्छ । किनकि ऋणको स्पेस अझै धेरै बाँकी छ । बजार बढ्दै जाँदा सकारात्मक समाचार आउँछन्, त्यसो हुँदा कारोबारको आधार बढ्नु स्वाभाविक हो । यसले नयाँ लगानी र लगानीकर्ता भित्र्याउँछ ।

बजार बढ्दा पनि घट्दा पनि लगानीकर्ता सचेत हुनुपर्छ । साना, ठूला, नयाँ, पुराना सबै लगानीकर्ताले सुरक्षित भएर लगानी गर्नुपर्छ । सेयर बजारमा लगानी गर्दा बजारका आधारभूत कुरा, बजारको प्रक्रिया, औजार, अर्थतन्त्रका सूचकलगायतमा अध्ययन अनुसन्धान गर्नुपर्छ । बजारको ट्रेन्डमा आधारित भएर मात्रै लगानी गर्दा जोखिम हुन्छ ।

कानुनको मस्यौदा लेखनमा सांसदले खोजे भूमिका



ऐनको अनावश्यक प्रत्यायोजनलाई विधायन विधेयकले नियन्त्रण गर्ने विश्वास

(विस्तृत पृष्ठ ३)

साना जहाज र कर्णालीको कनेक्टिभिटी



नेपाल वायुसेवा निगमको एउटा तथा निजी क्षेत्रका केही १८ सिटर जहाजले मात्र कति पर्यटकलाई कर्णाली पुऱ्याउलान् ?

(अग्रलेख । पृष्ठ ४)

आइओसीको दबाबपछि ट्यांकर स्तरोन्नति गरिँदै

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

रूपेश-विमलको समूहद्वारा दुई खर्ब ८५ अर्बको हुन्डी र क्रिप्टो कारोबार

नयाँ पत्रिका

रूपेश श्रेष्ठ र विमल पोद्दारको समूहले दुई खर्ब ८५ अर्ब रुपैयाँबराबरको हुन्डी तथा क्रिप्टो कारोबार गरेको निष्कर्ष प्रहरीले निकालेको छ । गिरोहमाथि दुई महिना लामो अनुसन्धान गरेर प्रहरीले मंगलबार जिल्ला सरकारी वकिल कार्यालयमा रायसहितको अनुसन्धान प्रतिवेदन बुझाएको हो ।



विमल पोद्दार



रूपेश श्रेष्ठ

व्यापारिक घरानासम्म देखियो क्रिप्टोको सम्पर्क

प्रहरीले उनीहरूको समूहमा कम्तीमा १७ जनाको संलग्नता पुष्टि गरेको छ । जसमध्ये पाँच पक्राउ परेका छन् भने १२ जनालाई फरार प्रतिवादीका रूपमा मुद्दा चलाउन सिफारिस गरिएको छ । गिरोहका नाइकेमध्येका एक पोद्दारसमेत फरार छन् ।

पोद्दार ३८ क्विन्टल सुन तस्करीमा मुछिएका भारतीय व्यापारी हुन् । केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले रूपेशलाई पक्राउ गरेलगत्तै पोद्दार परिवारसहित विदेश भागेका थिए ।

गत ६ मंसिरमा काठमाडौं बागबजारबाट पक्राउ परेका रूपेशमाथि अनुसन्धान गर्ने क्रममा पोद्दारसहित १७ जनाको संलग्नता पुष्टि भएको हो । सो समूहमा व्यापारिक घरानाका व्यक्ति तथा सुन तस्करीमा संलग्नको समेत सम्पर्क देखिएको र त्यस विषयमा पछि अनुसन्धान गरिने सिआइबीले जनाएको छ । सो समूहको हुन्डी तथा क्रिप्टो कारोबारको पहिलो चरणमा विस्तृत अनुसन्धान गरी प्रतिवेदन सरकारी वकिल कार्यालयमा पठाइएको सिआइबीकी निर्देशक एआइजी किरण बज्राचार्यले बताइन् ।

प्रहरीले श्रेष्ठसहित मीनबहादुर जिसी, आशिष अग्रवाल, कुमार परियार र झमिन्द्र खतिवडालाई पक्राउ गरी संगठित अपराध तथा नेपाल राष्ट्र बैंक ऐनअनुसार क्रिप्टोसम्बन्धी कसुरमा मुद्दा चलाउन सिफारिस गरेको छ । गिरोहका नाइकेमध्ये एक श्रेष्ठलाई ब्युरोले ९९ लाख रुपैयाँसहित पक्राउ गरेको थियो । बागबजारस्थित उनको घरबाट ८९ लाख ६९ हजार नेपाली रुपैयाँ र अमेरिकी डलर सात हजार २६ बरामद भएको थियो । उनले घरमा पैसा गन्ने मेसिनसमेत राख्दै आएका थिए । उनको हुन्डी कारोबारको खाता नै बरामद गरी प्रहरीले विस्तृत अनुसन्धान गरेको थियो । जसमा सबैभन्दा धेरै अमेरिकाबाट उनले अवैध कारोबार गर्दै आएका थिए । अमेरिकामा रहेका

» पृष्ठ २ मा क्रमशः



अयोध्या राम मन्दिरको गर्भगृहमा कालीगण्डकीका शालिग्राम

मूर्ति बनाउन लगिएका शिला भने बाहिरै राखिने

पर्शुराम काफ्ले/नयाँ पत्रिका

भारतको अयोध्यास्थित राम मन्दिरको मुख्य गर्भगृहमा कालीगण्डकीबाट लगिएका दुई शालिग्राम राखिने भएको छ । रामको बाल्यकालको मूर्ति बनाउन कालीगण्डकीबाट लगिएका दुई शिला भने बाहिरै रहने भएका छन् ।

दुई शिलामध्ये एउटा काट्ने क्रममा धर्सा देखिएपछि शीला (ढुंगा) लाई भने गर्भगृह बाहिरै राखिने भएको छ । दुई ठूला शिलामुनि भेटिएका दुई शालिग्राम राम मन्दिरको गर्भगृहमा सधैँका लागि राखिनेछ ।

यही ८ माघमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको उपस्थितिमा हुने मन्दिरको प्राणप्रतिष्ठा हुँदै छ । मन्दिर निर्माणको काम पूरा नभई प्राणप्रतिष्ठा गर्न लागिएको भन्दै भारतमा राजनीतिक मुद्दा पनि बनेको छ । विभिन्न चार मठका शंकराचार्यले पनि प्राणप्रतिष्ठाको शास्त्रीय विधिमाथि प्रश्न उठाएका छन् ।



गत वर्ष माघमा म्याग्दीको बेनी नगरपालिका- ६ ठूलोपहिरोस्थित कालीगण्डकी नदीबाट अयोध्या पठाउन शिला ट्रकमा राखिँदै

'रामलीला (रामको वाल्यकाल)को मूर्ति निर्माणका लागि लगिएका दुई शिलामध्ये एउटा काट्ने क्रममा धर्सा देखिएछ । त्यसबाट मूर्ति बनाउन सम्भव भएन भन्ने जानकारी पाएका छौं,' कालीगण्डकीको शिला उत्खननदेखि पुऱ्याउने कार्यमा सहभागी भूगर्भविद् डा. कुलराज चालिसेले नयाँ पत्रिकासँग भने, 'दुई शिलासँगै हामीले

» पृष्ठ २ मा क्रमशः

नेपाल मेडिकल कलेज प्रा. लि.

गोकर्णेश्वर न.पा., वडा नं.-०८, अत्तरखेल
फोन नं.: ०१-४९११००८ (एक्सटेन्सन-४००,५००)

क्यान्टिन संचालन गर्ने सम्बन्धमा शिलबन्दी प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित भएको मिति २०८०/१०/०३ गते

यस नेपाल मेडिकल कलेजको छात्रावासमा रही नियमित अध्ययनमा रहेका छात्रछात्राहरुको लागि दैनिक बिहान, बेलुका खाना र चिया, नास्ताको तत्काल व्यवस्था गर्नुपर्ने भएकोले योग्य इच्छुक व्यक्ति/संस्थाले कम्पनी दर्ताको प्रमाण पत्र, योग्यता, अनुभव र कार्य गरेको रेफरेन्सको प्रमाणपत्रहरु संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिनभित्र नेपाल मेडिकल कलेजको नाममा आफूले कवुल गरेको न्यूनतम अंक र सामाग्रीको दररेटको विवरण सहित समावेश गरी शिलबन्दी प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। प्राप्त प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी अधिकार यस प्रा. लि. मा निहित रहनेछ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय कुपण्डोलको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/१०/०३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय कुपण्डोलबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

ऋणीहरुको विवरण:

१. नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६९/०५/२१ मा दर्ता नं.९७०४०/०६९/०७० कायम भई आन्तरिक राजश्व कार्यालय, करदाता सेवा केन्द्र ललितपुरमा स्थायी लेखा नम्बर (पान) मिति २०६९/०५/२४ मा दर्ता प्रमाणपत्र नं.६००७०५०९९ कायम रही ललितपुर जिल्ला ज्वागल गा.वि.स/न.पा वडा नं.१०, स्थित रजिष्टर्ड कार्यालय रहेको **केशव अफसेट प्रेस प्रा.लि.** (संञ्चालक हसियाँ राईको नाति, सोम बहादुर राई/आनन्दी राईको छोरा, सविना कुमालको पती रौतहट जिल्ला, चन्द्रनिगाहपुर वडा नं.४, स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, धापाखेल न.पा. वडा नं.१/क, बस्ने **केशव राई** (ना.प्र.न.७९५, मिति २०५८/०७/२७ जि.प्र.का. रौतहट)।
२. हसियाँ राईको नाति, सोम बहादुर राई/आनन्दी राईको छोरा, सविना कुमालको पती रौतहट जिल्ला, चन्द्रनिगाहपुर वडा नं.४, स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, धापाखेल न.पा. वडा नं.१/क, बस्ने **केशव राई** (ना.प्र.न.७९५, मिति २०५८/०७/२७ जि.प्र.का. रौतहट)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. हसियाँ राईको नाति, सोम बहादुर राई/आनन्दी राईको छोरा, सविना कुमालको पती रौतहट जिल्ला, चन्द्रनिगाहपुर वडा नं.४, स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, धापाखेल न.पा. वडा नं.१/क, बस्ने **केशव राई** (ना.प्र.न.७९५, मिति २०५८/०७/२७ जि.प्र.का. रौतहट)।
२. गजबिर कुमाल/रशमाया कुमालको छोरी, केशव राईको पत्नी, नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं.७, स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, धापाखेल न.पा. वडा नं.१/क, बस्ने **सबिना कुमाल** (ना.प्र.नं. २५ १००१/२००१, २०६७/०६/१३, जि.प्र.का. नुवाकोट)
३. सिध्द बहादुर राईको नाती, हसियाँ राईको छोरा, रौतहट जिल्ला, चन्द्रनिगाहपुर न.पा. वडा नं.४, बस्ने **सोम बहादुर राई** (ना.प्र.नं. १८५९२, २०२६/०१/१०, जि.प्र.का. रौतहट)।

धितो सुरक्षणको विवरण

१. **केशव राई**को नाममा मालपोत कार्यालय, ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, धापाखेल न.पा. वडा नं.१/क स्थित कित्ता नं.५९५० को क्षेत्रफल ०-४-०-० (रोपनी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **सोम बाहादुर राई**को नाममा मालपोत कार्यालय, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला चन्द्रनिगाहपुर न.पा. वडा नं.१ स्थित कित्ता नं.४४३५ र ४२८१ को क्षेत्रफल ०-०-३-० र ०-०-१३-० (विगाह) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३. ऋणी **केशव अफसेट प्रेस**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि
शाखा कार्यालय कुपण्डोल, फोन नं. ०१-५४३०५०१

कुमारी बैंक लिमिटेड शाखा कार्यालय चरिकोट, दोलखाको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/१०/०३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी बैंक लि.) शाखा कार्यालय चरिकोट, दोलखाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

ऋणीको विवरण:

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७२/०४/२९ मा दर्ता नं. १३८५८६/०७२/०७३ कायम भई आन्तरिक राजश्व कार्यालय भक्तपुरमा स्थायी लेखा नम्बर (पान) मिति २०७२/०५/०१ मा दर्ता प्रमाणपत्र नं. ६०३५२५४९२ कायम रही रहेको दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. १० स्थित रजिष्टर्ड कार्यालय रहेको **महागौरी गणेश निर्माण सेवा प्रा.लि.** (संचालक भुवन सिं कार्कीको नाति, डम्बर बहादुर कार्की/डम्बर कुमारी कार्कीको छोरा, लक्ष्मी कार्कीको पति, दोलखा जिल्ला, भीमेश्वर न.पा., वडा नं. ०६, (साबिक चरिकोट गा.वि.स., वडा नं ०४) बस्ने **दिपक कुमार कार्की** (ना.प्र.नं. ४४९/११५०६, जारी मिति २०४६/११/१०, जिल्ला प्रशासन कार्यालय दोलखा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. भुवन सिं कार्कीको नाति, डम्बर बहादुर कार्की/डम्बर कुमारी कार्कीको छोरा, लक्ष्मी कार्कीको पति, दोलखा जिल्ला, भीमेश्वर न.पा., वडा नं. ०६, (साबिक चरिकोट गा.वि.स., वडा नं ०४) बस्ने **दिपक कुमार कार्की** (ना.प्र.नं. ४४९/११५०६, जारी मिति २०४६/११/१०, जिल्ला प्रशासन कार्यालय दोलखा)।
२. गडुल सिं तमाङको नाति, धन बहादुर तमाङ/साईलि तमाङको छोरा, अम्बिका घिसिङको पति, दोलखा जिल्ला, लाकुरीडाँडा गा.वि.स., वडा नं ०९ स्थायी ठेगाना भई हाल भीमेश्वर न.पा., वडा नं. ०६, बस्ने **कृष्ण बहादुर पाखीन** (ना.प्र.नं. १५५६/५८, जारी मिति २०५१/०४/०२, जिल्ला प्रशासन कार्यालय दोलखा)।
३. लाल बहादुर थापाको नाति, ध्रुव बहादुर थापा/गौरी थापाको छोरा, दोलखा जिल्ला, भीमेश्वर न.पा., वडा नं १० स्थायी ठेगाना भई हाल भीमेश्वर न.पा., वडा नं. ०६, बस्न **रुपेश थापा** (ना.प्र.नं. २२-०१-७०-००७५१, जारी मिति २०७०/०२/२३, जिल्ला प्रशासन कार्यालय दोलखा)।
४. ललित बहादुर कार्कीको नातिनी, श्याम कार्की/दुर्गा कार्कीको छोरी, डम्बर बहादुर कार्की/डम्बर कुमारी कार्कीको बुहारी, दिपक कुमार कार्कीको पत्नी, दोलखा जिल्ला, भीमेश्वर न.पा., वडा नं. ०६, (साबिक चरिकोट गा.वि.स., वडा नं ०४) बस्ने **लक्ष्मी कार्की** (ना.प्र.नं. ५७६/१४०८, जारी मिति २०५०/०५/०२, जिल्ला प्रशासन कार्यालय दोलखा, चरिकोट)।
५. लाल बहादुर तमाङको नातिनी, डम्बर बहादुर तमाङ/सीतामाया तमाङको छोरी, धन बहादुर तमाङ/साईलि तमाङको बुहारी, कृष्ण बहादुर पाखीनको पत्नी, दोलखा जिल्ला, गैरीमुदी गा.वि.स., वडा नं ०३ स्थायी ठेगाना भई हाल भीमेश्वर न.पा. वडा नं. ०६, बस्ने **अम्बिका घिसिङ** (ना.प्र.नं. २२२८४, जारी मिति २०५८/०७/२१, जिल्ला प्रशासन कार्यालय दोलखा)।

धितो सुरक्षणको विवरण:

१. **दिपक कुमार कार्की**को नाममा मालपोत कार्यालय, दोलखामा दर्ता कायम रहेको दोलखा जिल्ला, चरिकोट गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ११९१ र १९५९ को क्षेत्रफल क्रमश: १९४ र ६५ (व.मी) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापतहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि
शाखा कार्यालय चरिकोट, दोलखा फोन नं. ०४९-४२१८०८

रूपेश–विमलको...

पृष्ठ १ बाट क्रमश:

उनका परिवारका सदस्यलाई पनि प्रहरीले फरार प्रतिवादीका रूपमा मुद्दा चलाउन सिफारिस गरेको जिल्ला सरकारी वकिल कार्यालय स्रोत बताउँछ।

अमेरिका, दुबई, भारतसम्म सञ्जाल

यो समूहको सञ्जाल अमेरिका, संयुक्त अरब इमिरेट्स (युएई) र भारतमा देखिएको हो। भारतीय नागरिक पोद्दारसँगै सतिश शर्माको यसमा सम्पर्क पत्ता लागेको छ। केही समययता काठमाडौं बस्दै आएका शर्मा पनि फरार छन्। युएई र भारततर्फको कारोबार पोद्दार र शर्मा तथा अमेरिकाको श्रेष्ठले मिलाउँदै आएका थिए। नेपालमा विदेशबाट हुन्डीमार्फत पैसा भित्र्याउने र त्यसको कारोबार क्रिप्टोबाट गर्दै आएको अनुसन्धानमा आबद्ध सिआइबीका अधिकारी बताउँछन्। नेपाल राष्ट्र बैंकका प्रतिनिधिसहित मिलेर सिआइबीले अनुसन्धान गरेको हो। हुन्डी र क्रिप्टो कारोबारमा संलग्न देशकै यो ठूलो समूह भएको प्रहरी अधिकारी बताउँछन्। कतिपय व्यापारिक घरानासँग समेत उनीहरूको शंकास्पद कारोबार देखिएको स्रोत बताउँछ। तर, क्रिप्टो कारोबारसम्बन्धी प्रविधि र दक्ष जनशक्ति नहुँदा प्रहरीले यसमा त्यसतर्फ विस्तृत अनुसन्धान गर्न सकेन। मुद्दा दायर भइनसकेको भन्दै सिआइबीले यस विषयमा विस्तृत विवरण सार्वजनिक गरेको छैन।

सुन तस्करीमा पनि सम्बन्ध

सुन तस्करीको भुक्तानी पनि क्रिप्टोमार्फत नै हुँदै आएको प्रहरी अधिकारी बताउँछन्। पोद्दारमाथि विगतदेखि नै सुन तस्करीको आरोप लाग्दै आएको छ। ३८ क्विन्टल सुन तस्करीमा पक्राउ परी छुटेका पोद्दार पछिल्लो १४ केजी सुन तस्करीको पनि छानबिनमा छन्। गत २२ मंसिरमा विमानस्थलमा सुनसहित पक्राउ परेका चन्द्र घलेले सोधपुछका क्रममा विगतमा आफूहरूले पोद्दारको समूहसँग मिलेर तस्करीको काम गरेको बताएका थिए। सो मुद्दामा फरार रहेका जीवन गुरुङसँग पनि उनको निकटता देखिएको छ। उनीमाथि विस्तृत अनुसन्धान गर्न भन्सारले सिआइबीलाई पत्राचार गरेको छ। डिल्लीबजारमा एड्रेस लाउन्स नामक रेस्टुरेन्ट चलाउँदै आएका पोद्दारको सुन, हुन्डी तथा क्रिप्टोको समूहसँग सम्पर्क देखिएको हो।

अयोध्या...

पृष्ठ १ बाट क्रमश:

लगेर हस्तान्तरण गरेका दुई शालिग्रामचाहिँ गर्भगृहमा रहनेछन्। राम मन्दिरका गर्भगृहमा कालीगण्डकीका शालिग्राम राखेर पूजाआजा हुनु पनि निकै महत्त्वपूर्ण हो।' दुई शालिग्राम राम मन्दिरको गर्भगृहमा सधैंका लागि राखिनेछ। यही ८ माघमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको उपस्थितिमा हुने मन्दिरको प्राणप्रतिष्ठा हुँदै छ। विभिन्न चार मठका शंकराचार्यले पनि प्राणप्रतिष्ठाको शास्त्रीय विधिमाथि प्रश्न उठाएका छन्। 'रामलीला (रामको वाल्यकाल)को मूर्ति निर्माणका लागि लगिएका दुई शिलामध्ये एउटा काट्ने क्रममा धर्सा देखिएछ। त्यसबाट मूर्ति बनाउन सम्भव भएन भन्ने जानकारी पाएका छौं,' कालीगण्डकीको शिला उत्खननदेखि पुऱ्याउने कार्यमा सहभागी भूगर्भविद् डा. कुलराज चालिसेले नयाँ पत्रिकासँग भने, 'दुई शिलासँगै हामीले लगेर हस्तान्तरण गरेका दुई शालिग्रामचाहिँ गर्भगृहमा रहनेछन्। राम मन्दिरका गर्भगृहमा कालीगण्डकीका शालिग्राम राखेर पूजाआजा हुनु पनि निकै महत्त्वपूर्ण हो।'

गत वर्ष १८ माघमा कालीगण्डकी क्षेत्रबाट २४ टन र १४ टनका दुई शिला अयोध्यामा पुऱ्याइएको थियो। जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले श्रीराम जन्मभूमि तीर्थक्षेत्र ट्रस्टका महासचिव चम्पत रायलाई १९ माघमा आयोजित विशेष समारोहमार्फत हस्तान्तरण गरेका थिए। अयोध्या लगिएको शिला गण्डकी प्रदेश सरकारका तर्फबाट जानकी मन्दिर हुँदै अयोध्या पुऱ्याइएको थियो।

राष्ट्रिय स्वयंसेवक संघका अखिल भारतीय प्रचार प्रमुख सुनील अम्बेडकरले नेपालबाट लगिएका शिलालाई मन्दिर परिसरभित्रै सम्मानित स्थानमा राखेर पूजाअर्चनाको व्यवस्था मिलाउन लागिएको जानकारी दिए। 'कालीगण्डकीबाट लगिएका शिलालाई मन्दिरपरिसरमा राखिन्छ र पूजाअर्चना हुने व्यवस्था मिलाइन्छ। यसमा कोही पनि चिन्तित हुनु आवश्यक छैन,' अम्बेडकरले नयाँ पत्रिकाको प्रश्नमा भने। हाल अयोध्याको रामसेवकपुरम्मा एउटा छानामुनि शिला राखिएको छ र त्यसमा दैनिक पूजा हुँदै आएको छ।

राम मन्दिरको निर्माण मार्च २०२० देखि हुँदै आएको छ। राम मन्दिर निर्माण सुरु हुने वेलामा पनि मुस्ताङको दामोदरकुण्डबाट जल र शालिग्राम राखिएको संहिताशास्त्री अर्जुनप्रसाद बाँस्तोलाले बताए। 'दामोदरकुण्डबाट सशस्त्र प्रहरीका तत्कालीन आइजिपी शैलेन्द्र खनालले ल्याउनुभयो र मैले अयोध्या पुगेर हस्तान्तरण गरेँ,' पशुपति क्षेत्र विकास कोषका पूर्वसदस्यसमेत रहेका बाँस्तोलाले नयाँ पत्रिकासँग भने। अयोध्यामा ७० एकड जमिनमा राम मन्दिर निर्माण भइरहेको छ। भुइँतल्ला निर्माण सम्पन्न भइसकेको छ। पाँच मण्डप र बीचमा गर्भगृह रहने गरी मन्दिर निर्माण भएको छ। मन्दिरको भुइँ तलामा गर्भगृह रहनेछ।

प्राणप्रतिष्ठाको पूर्वसन्ध्यामा जनकपुरधामबाट मिठाई, कोसेली, चुला चौका, चाँदीका थाल, गरगहनासहितका सामग्री अयोध्या पुऱ्याइएको छ। तीन हजारभन्दा बढी प्रकारका उपहार र कोसेली जनकपुरधामबाट अयोध्या पुगेको छ। 'माइतीका तर्फबाट सम्पूर्ण सामग्री पुऱ्याएका छौं। अयोध्यामा मिथिला र विशेष गरी जनकपुरधामप्रति अपार सम्मान छ,' जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले भने, 'अयोध्या जनकपुरमय भएको छ। सीतामय भएको छ। अयोध्यामा नेपालको ठूलो प्रवर्द्धन भएको छ।'

काभ्रेको...

पृष्ठ १ बाट क्रमश:

उद्धार गरे। र, सोधपुछमा उत्रिए। यही क्रममा किशोरीले सामूहिक बलात्कारको सिकार भएको बताएपछि परिवारका सदस्यले स्थानीय प्रहरी चौकीमा खबर गरे। प्रहरी घटनास्थल पुग्यो। घटनामा संलग्न हुनेहरू पहिचान भएको/नभएकोबारे प्रहरीले किशोरीलाई सोध्यो। तर, किशोरीले कसैलाई नचिनेको बताएपछि प्रहरी शंकास्पद व्यक्तिको खोजी जुट्यो। यही क्रममा चारजना पक्राउ परेको जिप्रका प्रमुख ढकालले बताए।

'सामूहिक बलात्कारमा परेपछि किशोरी आत्महत्या गर्ने मुडमा पुगेकी रहिछिन्। रूखमा झुन्डिन ठिक्क परेको अवस्थामा परिवारका सदस्यले उद्धार गरे। त्यसपछि मात्रै सामूहिक बलात्कारको पोल खुल्यो,' उनले भने, 'तर, घटनामा संलग्न अभियुक्त किशोरीले नचिन्ने रहिछिन्। प्रहरीले फरक ढंगले अनुसन्धान गऱ्यो। घटनाको चार दिनपछि चार अभियुक्तको पहिचान खुल्यो। र उनीहरू पक्राउ परे।' प्रहरीका अनुसार पीडित किशोरीको स्वास्थ्य अवस्था अहिले सामान्य रहेको छ। उनको मेडिकल परीक्षण भइसकेको, तर प्रतिवेदन भने प्राप्त नभएको प्रहरीको भनाइ छ।

PRiME COMMERCIAL BANK LTD. प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/१०/०३ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला। अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

शाखा कार्यालय : चपली, काठमाण्डौ

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६८/११/२१ मा दर्ता नं. ९१९४६/०६८/०६९ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३, महाराजगंज स्थित **एमर साइन सव मनि ट्रान्सफर प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. कुल मान प्रधानको नाती, रत्न लाल प्रधानको छोरा, ललितपुर जिल्ला, साबिक ललितपुर उ.म.न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **राजेश प्रधान (ना.प्र.प.नं. ११९२८, ललितपुर)**
२. रत्न लाल प्रधानको बुहारी, राजेश प्रधानको पत्नी, काठमाण्डौ जिल्ला, का.म.न.पा./न.पा. वडा नं. १७ स्थित स्थायी ठेगाना भएको **संगीता मल्ल (ना.प्र.प.नं. १२८०३, काठमाण्डौ)**

शाखा कार्यालय : सन्धिखर्क, अर्घाखाँची

ऋणीको विवरण

शालिकराम खत्रीको बुहारी, शोभाकर के.सी. को पत्नी, अर्घाखाँची जिल्ला, वाङ्ला गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **सुशिला के.सी. (ना.प्र.प.नं. ११२२०/७१६२/छुट, अर्घाखाँची)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. बल बहादुरको नाति, शालिकराम खत्रीको छोरा, अर्घाखाँची जिल्ला, वाङ्ला गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **शोभाकर के.सी. (ना.प्र.प.नं. ५१६२/३७१५, अर्घाखाँची)**
२. शालिकराम खत्रीको नाति, शोभाकर के.सी. को छोरा, अर्घाखाँची जिल्ला, सन्धिखर्क गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **प्रविण के.सी. (ना.प्र.प.नं. ४०-०१-७५-०६०७०, अर्घाखाँची)**

सेयर बजारमा...

पृष्ठ १ बाट क्रमश:

भित्र्याउँछ, यसको अर्थ बजार अझै बढ्दै जाने देखिन्छ।'

राष्ट्र बैंकले मौद्रिक नीतिको समीक्षामार्फत लिएको खुकुलो नीति, अर्थतन्त्रको बाह्य क्षेत्रमा देखिएको उत्साहप्रद सूचक, आन्तरिक अर्थतन्त्रमा आएको सुधारलगायतले लगानीकर्ताको मनोबल बढेको र सेयर बजारले समेत बढ्दो ट्रेन्ड समातेको उनको विश्लेषण छ।

अहिले बजार बढ्नुमा लगानीकर्ताको उच्च मनोबल नै मुख्य कारण रहेको नेपाल इन्भेस्टर्स फोरमका पूर्वअध्यक्ष छोटेलाल रौनियारले बताए। उनका अनुसार लामो समयदेखि लगानीकर्ता बजारप्रति नकारात्मक थिए, नीतिहरू लगानीमैत्री थिएनन्, अहिले बैंकको ब्याजदर घटेको र मौद्रिक नीतिले सेयर धितो कर्जादेखि जोखिम भारसमेतलाई खुकुलो बनाइदिएपछि लगानीकर्तामा मनोबल बढेको हो।

लगानीकर्ता सागर ढकाल अर्थतन्त्रका थुप्रै सूचक सकारात्मक देखिएकाले त्यसको प्रभाव सेयर बजारमा पनि देखिएको बताउँछन्। अहिले आमलगानीकर्ताको मनोबल उच्च देखिनुका कारण समग्र अर्थतन्त्रका सूचक, सेयर धितो सीमामा केही सुधार नै रहेको उनले बताए। उनले भने, 'अहिले निराश हुनुपर्ने कुनै कारण नै छैन, लामो समय बजार घट्यो, अब बजार एउटा ट्रेन्डिङ प्वाइन्टमा आइपुगेको छ, अझ बढ्दै जाने देखिन्छ।'

मंगलबार ब्रोकर नासा सेक्युरिटिजले सर्वाधिक सेयर किनबेच गरेको छ। यस ब्रोकरले एक अर्ब सात करोड रुपैयाँको सेयर किनबेच गरेको छ। त्यस्तै, भिजन सेक्युरिटिजले ६३ करोड ३६ लाख रुपैयाँको कारोबार गरेको छ। इप्पेरियल सेक्युरिटिजले ६२ करोड २० लाख र अनलाइन सेक्युरिटिजले ५१ करोड ९१ लाख रुपैयाँको सेयर किनबेच गरेको छ।

Rajbiraj Municipality
Office of the Municipal Executive
Rajbiraj, Saptari
Madesh Pradesh, Nepal

INVITATION FOR BIDS (IFB)

Notice No: - RMUN/WORKS/NCB/2080/81-01

Date of 1st time publication: - 17th Jan 2024 (2080/10/03)

1. **Rajbiraj Municipality**, Office of the Municipal Executive invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of Construction works under NCB Single Stage as specified in the table below.

S. N.	Contract ID No.	Name of Procurement	Estimated Amount with VAT, PS and Contingency (Nrs.)	Bid Security Amounts (Nrs.)	Bid document Price (Nrs.)
1	RMUN/WORKS/ NCB/2080/81-01	Construction of Rajbiraj Polytechnic Institute Building work (Landscaping work around Rajbiraj Polytechnic Institute) wada No-1	1,49,99,973.60	3,76,000/-	3,000/- (Three Thousand Only)

2. The bidder shall submit their bid through e-submission procedure; no hardcopy submission shall be entertained.
3. Eligible bidders may obtain further information from www.bolpatra.gov.np/eGP or at Rajbiraj Municipality, Office of the Municipal Executive, Rajbiraj, Saptari, Madhesh Province, Nepal. Email: rajbirajmunsaptari@gmail.com

Chief Administrative Officer

कानुनको मस्यौदा लेखनमा सांसदले खोजे भूमिका

ऐनको अनावश्यक प्रत्यायोजनलाई विधायन विधेयकले नियन्त्रण गर्ने विश्वास



● **जितेन्द्र देव**, सांसद, कांग्रेस

प्रस्तावनामा कन्टेन्ट रिफ्लेक्ट भएन । पाँच वर्षको भोगाइ उल्लेख भएन । त्यसैले प्रस्तावना पुनर्लेखन जरुरी छ । पाँच वर्षको गहन छलफलबाट आएको हुनाले यो छुटेकाले समावेश गर्नुपर्छ ।



● **विमला राई पौड्याल**
सांसद, एमाले

चेकलिस्टअनुसार जाँदा विधेयक संरचनामा छ कि छैन, प्रक्रिया पूरा गरेको छ कि छैन, भाषा मिलेको छ कि छैन, त्यो हेरेर मात्रै दर्ता गर्ने व्यवस्था गरियो भने फरम्याटिङ, स्ट्रक्चर, भाषा र सहभागिताको प्रक्रियामा क्वालिटी कायम गर्न सक्छौं ।



● **राधेश्याम पासवान**
सांसद, माओवादी

कुनै पनि मन्त्रालयले अहिलेसम्म ल्याएको विधेयकमा सांसदको भूमिका छैन । अरू देशमा कानुनको मस्यौदा बनाउन पनि भूमिका दिएको छ, हाम्रो देशमा सदनमा टेबल भएपछि मात्र छलफलमा सहभागी हुन पाइन्छ ।



मंगलबार सिंहदरबारमा बसेको राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको बैठक ।

कमलराज भट्ट/नयाँ पत्रिका

सांसदहरूले कानुनको मस्यौदा लेखनमा सदनको भूमिका खोजेका छन् । 'विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'को सैद्धान्तिक छलफलका क्रममा सांसदहरूले ऐनको मस्यौदा लेखनमा संसद्लाई संलग्न गराउनुपर्ने माग गरेका हुन् ।

गत ७ असोजमा सरकारले ल्याएको विधायनसम्बन्धी विधेयकमा राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले मंगलबारदेखि छलफल प्रारम्भ गरेको छ । सैद्धान्तिक छलफलमा भाग लिएका समितिका अधिकांश सदस्यले पूर्वविधायिकी चरणमै सांसदको भूमिकालाई कानुनमै ठाउँ दिनुपर्ने धारणा राखेका हुन् ।

एकीकृत समाजवादीका सांसद उदयबहादुर बोहराले कानुन निर्माणमा जनसरोकारको विषयका साथै संसद्को भूमिका पनि उपयोग गर्नुपर्ने बताए । 'सार्वभौम संसद्लाई नीति निर्माता भनियो । तर, यहाँ सरकारले नै नीति निर्माण गर्ने समयमा संसद्लाई भूमिका नदिने अवस्था छ । मस्यौदामा सहभागी नबनाएर एकैपटक विधेयक आउँदा अन्योल सिर्जना हुन्छ । त्यसैले यतातिर ध्यान दिनुपर्छ । अब मस्यौदा गर्दा संसद्को भूमिका देखाउनुपर्छ,' उनले भने ।

माओवादीका राधेश्याम पासवानले सांसदहरू मस्यौदा लेखनमा सहभागी हुँदा जनताको सरोकारका विषय सुनिश्चित हुने जिकिर गरे । 'विधेयक बनाउँदा माननीयज्यूहरूको भूमिका हुनुपऱ्यो । किनभने माननीयज्यू छलफलमा जाने भूमिकाले जनताको सरोकारका विषय सुनिश्चित हुन सक्छ,' उनले भने, 'तर, कुनै पनि मन्त्रालयले अहिलेसम्म ल्याएको विधेयकमा सांसदको भूमिका छैन । अरू देशमा कानुनको मस्यौदा बनाउन पनि भूमिका दिएको छ, हाम्रो देशमा सदनमा टेबल भएपछि मात्र छलफलमा सहभागी हुन पाइन्छ ।' सांसदलाई थाहा नहुँदै विधेयकको मस्यौदाबारे असम्बन्धित पक्षले जानकारी पाउने अवस्थाले समस्या ल्याएको उनले सुनाए । 'अहिले त कस्तो छ भने हाम्रा मन्त्रालयबाट विधेयक बनिरहेको माननीयजीलाई थाहा हुँदैन, एकैपटक सदनमा आएपछि थाहा हुन्छ । सांसदले थाहा नपाउँदै अरूले थाहा पाएर बाहिर बबन्डर गरिसक्छन् । यो कुरा व्यवस्थित गर्नुपर्छ ।'

कांग्रेस सांसद जितेन्द्र देवले कुनै पनि विधेयकको मस्यौदामा सहभागितामूलक मूल्यलाई बढीभन्दा बढी लोकतान्त्रिक बनाउनेतर्फ ध्यान दिनुपर्ने बताए । देवले विधेयकको प्रस्तावनामै असहमति जनाउँदै भने, 'प्रस्तावनामा कन्टेन्ट रिफ्लेक्ट भएन । पाँच वर्षको भोगाइ उल्लेख भएन । त्यसैले प्रस्तावना पुनर्लेखन जरुरी छ । पाँच वर्षको गहन छलफलबाट आएको हुनाले यो छुटेकाले समावेश गर्नुपर्छ ।'

एमालेकी विमला राई पौड्यालले विधेयक बनाएर संसद्मा ल्याउने वेला चेकलिस्ट तयार पार्नुपर्ने बताइन् । 'चेकलिस्टअनुसार जाँदा विधेयक संरचनामा छ कि छैन, प्रक्रिया पूरा गरेको छ कि छैन, भाषा मिलेको छ कि छैन त्यो हेरेर मात्रै दर्ता गर्ने व्यवस्था गरियो भने हामीले फरम्याटिङ, स्ट्रक्चर, भाषा र सहभागिताको प्रक्रियामा क्वालिटी कायम गर्न सक्छौं,' उनले भनिन् । विगतमा संविधान र सार्वजनिक नीतिलाई कार्यान्वयन गर्नेभन्दा प्रधानमन्त्री र मन्त्रीको तजबिजमा कानुन बन्दा बेवारिसे हुने गरेको तथ्य नीति अनुसन्धान प्रतिष्ठानको अध्ययनले देखाएको उल्लेख गर्दै उनले भनिन्, 'यो विधेयकमा हामीले कानुन बनाउँदा कुनै न कुनै नीतिलाई अनुसरण गर्नुपर्छ, संविधानको यो व्यवस्था, यो सार्वजनिक नीतिको यो कुरालाई समेट्न यो कानुन आएको हो भन्ने सुनिश्चितता हुनुपर्छ ।' पौड्यालले कुनै कानुनले संरचना सिर्जना गर्दा सहभागितामा समानुपातिक सहभागिताको सुनिश्चितता गर्ने कुरा राख्नुपर्नेमा जोड दिइन् ।

कांग्रेसकी अनिता देवकोटाले त यो विधेयकमा संसदीय प्रक्रिया पनि समावेश गर्नुपर्ने धारणा राखिन् । 'कानुन निर्माणका क्रममा मस्यौदा, संसद्मा छलफल र सभाले पास गरिसकेपछिको चरण हुन्छ । मस्यौदा र सभाले पास गरिसकेको चरण विधेयकमा छ । तर, संसद्को छलफलको चरण यसमा छैन । कार्यविधिगत कुरामा व्यवस्थित त गर्छ नै, तर यसमा पनि आउनुपर्थ्यो,' उनले भनिन् ।

समिति सचिवालयका तर्फबाट धारणा राख्दै सचिव नुमराज खनालले विधेयकमा आएका राय-सुझाव संसद्ले पनि थाहा पाउनुपर्ने बताए । 'विधेयक तर्जुमाका सन्दर्भमा सम्बन्धित मन्त्रालयले राय-सुझाव संकलन गर्ने र तर्जुमाका लागि सहमति मागेर कानुन मन्त्रालयमा पठाउँदा राय-सुझाव पनि सँगै पठाउनुपर्ने प्रबन्ध छ,' उनले भने, 'अब त्यो राय-सुझाव संसद्मा ल्याउनुपर्छ कि पर्दैन ? संसद्ले त्यो राय-सुझाव जान्नुपर्छ कि पर्दैन ? यो एप्रोचमा पनि बहस हुनुपर्छ । जनताले के सुझाव दिएका थिए भन्ने रियल कानुन निर्माताले जान्नुपर्छ ।'

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव उदयराज सापकोटाले मस्यौदामा संसद्को भूमिका हुने कि नहुने भन्नेमा चरणबद्ध छलफल भएको स्मरण गर्दै भने, 'मस्यौदामा धारणा राखिसकेपछि भोलि समितिमा आउँदा आफू बन्धनमा परिन्छ कि भन्ने प्रश्न आएपछि नराखिएको हो । यसमा अनौपचारिक रूपमा पनि धेरै छलफल भएको हो ।' यद्यपि, विज्ञताका रूपमा सांसदलाई मस्यौदामा समावेश गर्न सकिने उनको भनाइ थियो । नेपालको संसदीय व्यवस्था सरकारले नै ल्याउने भएकाले सिंगो सदनलाई मस्यौदामा समावेश गर्न कठिनाइ रहेको उनले सुनाए । कानुनमन्त्री धनराज गुरुङले विधेयक समितिको सम्पत्ति भइसकेको भन्दै मस्यौदा परिमार्जन गर्दै परिपक्व कानुन बनाउन अनुरोध गरे ।

■ 'प्रत्यायोजित विधायनको बेथिति नियन्त्रण गर्छ'

सैद्धान्तिक छलफलका क्रममा स्वतन्त्र सांसद खिमलाल देवकोटाले प्रत्यायोजित विधायनमा रहेको बेथिति यो ऐनले नियन्त्रण गर्ने दाबी गरे । प्रत्यायोजित विधेयकमा यो कार्यविधिअनुसार हुने, अन्यथा अन्य कानुन भनेर प्रत्यायोजितलाई प्रचलित कानुनभन्दा पनि पावरफुल बनाएर कार्यविधि बन्ने बेथिति रहेको र प्रत्यायोजित विधायनका आधारमा सबैभन्दा धेरै भ्रष्टाचार हुने कुरा महालेखाकै प्रतिवेदनमा भनेको उल्लेख गर्दै देवकोटाले थपे, 'यो बेथितिलाई व्यवस्थित गर्न विधेयकको दफा २७ मा व्यवस्था गरेको छ । जसमा अब प्रत्यायोजित विधेयक स्पष्टसँग दर्ता गर्नुपर्छ, सार्वजनिक गर्नुपर्छ, छापिएपछि मात्रै कार्यान्वयनको तहमा आउँछ भनिएको छ । यतिखेर मन्त्रीहरूले लुकिछिपी कार्यविधि निर्देशिका पास गर्ने, अनि कसलाई नियुक्ति दिनुपर्ने, कसको लाभ हो, त्यो सार्वजनिक नगर्ने प्रवृत्ति छ । यो सबैलाई विधेयकले निरुत्साहित गर्छ ।'

देवकोटाले नेपालमा रहेका तीन सय ५० ऐनमध्ये ८० प्रतिशतजति प्रत्यायोजित रहेको तथ्यांक प्रस्तुत गर्दै अब यो विधेयकले नियन्त्रण गर्ने दोहोऱ्याए । 'किनभने सुरुमा प्रत्यायोजित गरेर कानुन मन्त्रालयमा दर्ता गर्नुपर्ने, सार्वजनिक गर्नुपर्ने र त्यसपछि मात्रै कार्यान्वयनमा आउने भनेपछि अब प्रत्योजित गर्ने मान्छेले प्रयास नै गर्दैन,' उनले भने ।

समिति सचिव नुमराज खनालले प्रत्यायोजित व्यवस्थापनको विषय सदनले पनि जानकारी पाउनुपर्ने धारणा राखे । 'विधेयकमा कानुन मन्त्रालयमा तर्जुमा सहमतिद्वारा प्रत्यायोजन व्यवस्थापन पठाऊ भन्ने प्रबन्ध गरेको छ, तर त्यो विषय संसद्ले जान्नुपर्छ कि पर्दैन ? किनभने ०७५ मा बनेको खाद्य अधिकार र खाद्य सम्प्रभुतासम्बन्धीको स्वच्छता ऐनको पाँच वर्ष पुग्दा पनि प्रत्यायोजित विधायन नआएको अध्ययनमा देखियो । अब प्रत्यायोजित व्यवस्थापन कानुन मन्त्रालयमा गएकै हुन्छ, संसद्मा ल्याउन कुनै बाधक छैन होला,' उनले भने ।

सचिव खनालले विधेयकमा राष्ट्रिय सभासँग सम्बन्धित अन्य विषय पनि राख्न सिफारिस गरे । 'संविधानको धारा १११ (९)मा राष्ट्रिय सभाले पारित गरेको विधेयक प्रतिनिधिसभाले अस्वीकार गरेमा उल्लेखित छ । तर, अस्वीकार गर्ने बिन्दु कुन भन्ने स्पष्ट छैन । यससम्बन्धी कानुन पनि छैन । यसैगरी, धारा १११ (५) ले प्रतिनिधिसभाबाट आएको राष्ट्रिय सभाले ६० दिनभित्र पारित गर्नुपर्ने भनेको छ । तर, त्यो ६० दिनको म्याद कहिलेबाट लागू हुन्छ, प्रतिनिधिसभाले सन्देश पठाएको दिन हो कि राष्ट्रिय सभाले सन्देश प्राप्त गरेको दिन हो कि वा टेबल भएको दिन हो वा सैद्धान्तिक छलफल भएको दिन हो ? यो दिन कुन हो ? यस्ता विषयलाई कानुनमा प्रबन्ध गर्ने गरी जानुपर्छ,' उनले भने ।

सचिवालयसहित कार्यालयमा बोझिलो जनशक्ति कटौती गर्दै प्रधानमन्त्री



काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफ्नो कार्यालयसहित निजी सचिवालयमा जनशक्ति कटौती गरेका छन् । प्रधानमन्त्रीको निर्देशनमा १ माघदेखि सचिवालयमा कार्यरत १३ जनालाई हटाइएको छ । यसअघि १२ पुसको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको पुनर्संरचनासहितको संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएन्डएम) स्वीकृत गरी विभिन्न श्रेणीका ६८ स्थायी दरबन्दी कटौती गरेको थियो ।

खर्च कटौतीको मर्मअनुसार अहिले ठूलो संख्याका सचिवालयका कर्मचारीलाई हटाइएको कार्यालयले जनाएको छ । बिदाइ गरिएका कर्मचारीमा स्वकीय सहसचिव नारायणप्रसाद दुंगाना तथा स्वकीय उपसचिवहरू रमेशप्रसाद गुरागाईं, ओमकुमारी पौडेल, सावित्रीकुमारी अधिकारी र कुलबहादुर नाथ छन् । त्यस्तै, स्वकीय शाखा अधिकृत लाले कुमाल तथा प्रशासन सहायक युवराज शाह र रामलाल पराजुली छन् । कम्प्युटर सहायक वासुदेव शर्मा र खड्क योगी, कार्यालय सहायक अविनाश वाइबा तथा हलुका सवारीचालक रमेशप्रसाद घिमिरे र पवित्रबहादुर शाहीलाई पनि हटाइएको छ । प्रधानमन्त्री प्रचण्डको निर्देशनमा कर्मचारी कटौतीको यो निर्णय गत २४ पुसमै स्वकीय सचिवालयले गरेको थियो । त्यही निर्णयका आधारमा १ माघदेखि कर्मचारीलाई बिदाइ गरिएको हो ।

आन्दोलनमा जानुपर्ने परिस्थिति बन्दै छ : ओली

काठमाडौं/ एमाले अध्यक्ष केपी ओलीले मुलुकलाई बर्बाद हुनबाट जोगाउन केही समयभित्र सशक्त आन्दोलनमा उत्रनुपर्ने अवस्था सिर्जना भइरहेको बताएका छन् । मनोनीत केन्द्रीय सदस्यलाई मंगलबार पार्टी केन्द्रीय कार्यालयमा शपथ गराउँदै ओलीले त्यस्तो बताएका हुन् । राष्ट्रिय स्वाभिमान र एकतामाथि प्रश्न उठ्ने गरी संकट बढ्दै गएको र अर्थतन्त्र डामाडोल बन्दै गएको दाबी गर्दै उनले सत्तारूढ गठबन्धनबाट मुलुकको नेतृत्व सम्भव नभएको बताए । देशको अवस्था अहिलेजस्तो खराब कहिल्यै नभएको उनको भनाइ थियो ।

नेपाली समाज, राजनीति, अर्थतन्त्र, संस्कृति हरेक क्षेत्रमा आक्रमण भइरहेको चर्चा गर्दै ओलीले सामाजिक सद्भाव र राष्ट्रिय एकता कायम गर्दै राष्ट्र जोगाउने पक्षमा भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । मुलुकमा धार्मिक विद्वेष फैलाउने र पहिचानका नाममा राजनीति भाँड्ने काम भइरहेको ओलीको भनाइ थियो । विद्युत् व्यापार, देशको भूभागको रक्षालगायत विषयमा वर्तमान गठबन्धन सरकार छिमेकीका लागि कम्फर्टेबल मात्र नभई घुँडाटेकुवा, दलाल र आत्मसमर्पणवादी भएको पनि ओलीले आरोप लगाए । पार्टीभित्र अराजकता र अनुशानहीनता बढ्न थालेकोतर्फ ध्यानाकर्षण गराउँदै उनले आगामी ०८१ पार्टीका लागि शुद्धीकरण र सुदृढीकरणको वर्षका रूपमा अभियान चलाइने बताए ।

ओलीले पार्टी केन्द्रीय कमिटीमा मनोनीत ६ जना नयाँ केन्द्रीय सदस्यलाई पद तथा गोपनीयताको शपथग्रहण गराए । गत २० पुसमा बसेको केन्द्रीय सचिवालय बैठकले पार्टीका पाँचजना निवर्तमान प्रदेश अध्यक्ष र एकजना जिल्ला अध्यक्षसहित ६ जनालाई केन्द्रीय सदस्यमा मनोनीत गरेको थियो ।

चार वर्षपछि ललितानिवास मुद्दाको सुनुवाइ सुरु

काठमाडौं/ बालुवाटारस्थित ललितानिवासको सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गराएर भ्रष्टाचार गरेको बहुचर्चित मुद्दाको चार वर्षपछि विशेष अदालतमा सुनुवाइ सुरु भएको छ । विशेषको आदेशअनुसार सबै निकायबाट कागजपत्र आइपुगेपछि मंगलबारदेखि अन्तिम सुनुवाइ सुरु भएको हो ।

विशेष अदालतका न्यायाधीशहरू खुसीप्रसाद थारू, रामबहादुर थापा र रितेन्द्र थापाको इजलासले यो बहुचर्चित मुद्दाको सुनुवाइ सुरु गरेको छ । सो मुद्दामा मंगलबारदेखि निरन्तर सुनुवाइ सुरु भएको विशेष अदालतका प्रवक्ता धनबहादुर कार्कीले बताए ।

विशेष अदालतले यसअघि गृह मन्त्रालय तथा जिल्ला प्रशासनलगायत निकायसँग यससम्बन्धी सम्बन्धित विभिन्न निर्णय तथा फाइलहरू मगाएको थियो । मागअनुसार सबै कागजपत्र उपलब्ध भएपछि विशेष अदालतले अन्तिम सुनुवाइ सुरु गरेको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २२ माघ ०७६ मा विशेष अदालतमा मुद्दा दायर गरेको थियो । पूर्वसचिव शारदाप्रसाद त्रिताल संयोजक रहेको समितिको प्रतिवेदनका आधामा अख्तियारले मुद्दा चलाएको हो । पूर्वमन्त्री, पूर्वसचिव तथा प्रभावशाली व्यापारी प्रतिवादी रहेको यो मुद्दामा एक सय ७५ जना प्रतिवादी छन् । जसमध्ये ६५ जना जग्गा जफतको प्रयोजनका लागि मात्र प्रतिवादी बनाइएका छन् ।

पूर्वमन्त्रीहरू विजयकुमार गच्छेदार, डम्बर श्रेष्ठ, चन्द्रदेव जोशी तथा पूर्वसचिवहरू दीप बस्न्यात, छविराज पन्त र दिनेशहरि अधिकारी यो मुद्दामा प्रतिवादी छन् । बिचौलियाहरू शोभाकान्त ढकाल र रामकुमार सुवेदी तथा व्यवसायी मीनबहादुर गुरुङलाई मुख्य आरोपी बनाइएको छ । बहालवाला तथा अवकाशप्राप्त धेरै कर्मचारीहरू यो मुद्दामा प्रतिवादी छन् । कतिपय प्रतिवादीको मृत्यु भइसकेको छ । यससम्बन्धी किर्ते मुद्दामा जिल्ला अदालत, काठमाडौंमा गत १० भदौमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले दायर गरेको थियो । सिआइबीले १८ जनालाई पक्राउ गरी तथा दुई सय ७२ लाई फरार प्रतिवादी बनाएर मुद्दा चलाएको थियो । फरारहरू अझै अदालतमा उपस्थित भएका छैनन् ।

थानकोट-चित्लाङ सडक तत्काल मर्मत गर्न सरकारको ध्यानाकर्षण

काठमाडौं/ अस्तव्यस्त र जोखिमपूर्ण अवस्थाको थानकोट-चित्लाङ सडक तत्काल मर्मत गर्न सांसदहरूले माग गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी, एमालेलगायत दलका सांसदहरूले जोखिमपूर्ण सडक मर्मत गर्न सरकारको ध्यानाकर्षण गराएका हुन् । राष्ट्रिय स्वतन्त्र पार्टीका सचेतक निशा डाँगी, महामन्त्री सुमना श्रेष्ठ, एमालेका सचेतक महेश बर्तौलालगायतले उक्त सडकखण्ड स्तरीकरणका लागि मंगलबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको ध्यानाकर्षण गराएका हुन् । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरूले भौतिकमन्त्री र एमाले सचेतक बर्तौलाले भौतिक पूर्वाधार तथा यातायात सचिव केशवप्रसाद शर्मा, संघीय सुपरिवेक्षण तथा अनुगमन कार्यालयका प्रमुख अर्जुनप्रसाद अर्याल र सडक डिभिजन कार्यालयका प्रमुख नारायण भण्डारीलाई भेटेर ध्यानाकर्षण पत्र बुझाएका हुन् । बर्तौलाले सरकारले आवश्यक बजेट नदिएका कारण ऐतिहासिक महत्त्वको उक्त सडकको दुरावस्था भएको बताए । 'आजको छलफलपश्चात् तत्काल कार्यान्वयन गर्ने गरी केही निर्णयसमेत गर्न लगाएको छु,' बर्तौलाले फेसबुकमा लेखेका छन्, 'उहाँहरूले कार्यालयको तर्फबाट तत्काल काम अगाडि बढाउने प्रतिबद्धता जनाएका छन् ।'

सडकको तत्काल मर्मत प्रक्रिया अगाडि बढाउने तथा सडकछेउका जोखिम स्थानहरूमा सुरक्षा पर्खाल राख्ने प्रक्रिया अगाडि बढाउने सरकारी अधिकारीहरूले बताएका छन् । उक्त सडकखण्डमा शनिबार कार दुर्घटना हुँदा एकै परिवारका पाँचजनाले ज्यान गुमाएका थिए । चालू आवमा कालोपत्रेका लागि दुई करोड र डेढ करोड मर्मत-सम्भारका लागि बजेट छुट्याइएको छ । थानकोटदेखि मकवानपुरसम्म करिब २२ किलोमिटर सडक मर्मत-सम्भारका लागि चालू आर्थिक वर्षमा सडक बोर्डबाट ढेड करोड रुपैयाँसमेत विनियोजन गरिएको छ । तर, मर्मत-सम्भार अझै सुरु भएको छैन । सडक जीर्ण, अस्तव्यस्त भएपछि चित्लाङ तथा मकवानपुर क्षेत्रका स्थानीयले पटक-पटक ध्यानाकर्षण गराउँदै आएका थिए भने सडक बन्द गरेरसमेत प्रदर्शन गरेका थिए ।

कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१०/०३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई वेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

तपसिल

क्र.सं.	शाखा कार्यालय : सिन्धुली		
	ऋणीको नाम, ठेगाना		
१.	नाम : खिस्मा एण्ड खुशी ढुवानी तथा सप्लायर्स सेवा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं दर्ता नं. २३४४०२/०७६/०७७, दर्ता मिति : २०७६/१०/२९, पान नं. ६०९७२१४४९, दर्ता मिति : २०७६/१०/२९ ठेगाना : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ६, राममाडी **प्रोप्राइटर : खिल जंग थापा**		
	जमानतकर्ताको विवरण		
	१. नाम : खिल जंग थापा ना.प्र.नं. ३६८९७, जि.प्र.का. सिन्धुली जारी मिति : २०६१/०२/१७ बाबुको नाम : डम्बर बहादुर थापा बाजेको नाम : गंगा बहादुर थापा ठेगाना : सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स. वडा नं. ५ हाल : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ४, रातमाटा	२. नाम : रमा कुमारी श्रेष्ठ ना.प्र.नं. ५८, जि.प्र.का. सिन्धुली जारी मिति : २०६२/०९/०९ पतिको नाम : खिल जंग थापा ससुराको नाम : डम्बर बहादुर थापा ठेगाना : सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स. वडा नं. १ हाल : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ४, रातमाटा	
	धितोको विवरण		
	१. रमा कुमारी श्रेष्ठको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ठा कायम रहेको सिन्धुली जिल्ला, सिद्धेश्वर न.पा. वडा नं. ६ घ स्थित कित्ता नं. ११०१ र १०९९ को क्षेत्रफल क्रमशः ०-०-६-० र ०-०-४-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । २. धनी ज्योति विकास बैंक लि. भई ऋणी खिस्मा एण्ड खुशी ढुवानी तथा सप्लायर्स सेवाको नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको वा ५ ख ८७९३ को को चेसिस नं. MC2K7ERCOKBO64735, ईन्जिन नं. E613CDKB265515 भएको TERRA 16 HDR TIPPER, ना ८ ख ५९७९ को को चेसिस नं. MAT388116K2R01137, ईन्जिन नं. 91A63763627 भएको SK1613TC/36, प्र २ ०४ ००१ ख ००२४ को को चेसिस नं. MAT554001M7R10650, ईन्जिन नं. 497TC41EYX617378 भएको ICVTRUTIP TRUCK तथा प्र २ ०४ ००१ ख ०००७ को चेसिस नं. MAT554001M7R07095, ईन्जिन नं. 497TC41CYX611887 भएको ICVTRUTIP TRUCK को सवारी साधन थान ४ ।		
	ऋणीको नाम, ठेगाना	धितोको विवरण	
२.	नाम : एपोलो फार्मेसी नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग दर्ता नं. १८११/०७१/०७२, दर्ता मिति : २०७२/०३/०१ पान नं. ३०५१६५४३१, दर्ता मिति : २०६९/०६/०८ ठेगाना : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ६, रातमाटा **प्रोप्राइटर : रमा कुमारी श्रेष्ठ**	रमा कुमारी श्रेष्ठको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, सिद्धेश्वर न.पा. वडा नं. ४ ढ स्थित कित्ता नं. ४६९ को क्षेत्रफल ०-२-५-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	
	जमानतकर्ताको विवरण		
	१. नाम : खिल जंग थापा ना.प्र.नं. ३६८९७, जि.प्र.का. सिन्धुली जारी मिति : २०६१/०२/१७ बाबुको नाम : डम्बर बहादुर थापा बाजेको नाम : गंगा बहादुर थापा ठेगाना : सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स. वडा नं. ५ हाल : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ४, रातमाटा	२. नाम : रमा कुमारी श्रेष्ठ ना.प्र.नं. ५८, जि.प्र.का. सिन्धुली जारी मिति : २०६२/०९/०९ पतिको नाम : खिल जंग थापा ससुराको नाम : डम्बर बहादुर थापा ठेगाना : सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स. वडा नं. १ हाल : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ४, रातमाटा	
	ऋणीको नाम, ठेगाना	धितोको विवरण	
३.	नाम : रमा कुमारी श्रेष्ठ ना.प्र.नं. ५८, जि.प्र.का. सिन्धुली जारी मिति : २०६२/०९/०९ पतिको नाम : खिल जंग थापा ससुराको नाम : डम्बर बहादुर थापा ठेगाना : सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स. वडा नं. १ हाल : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ४, रातमाटा	क्र.सं. / धितो रहेको सुनको विवरण / थान गन्ती / जम्मा तौल १. सुनको तिलहरी १ एक थान २. सुनको सिक्री १ एक थान ३. सुनको नौगेडी १ एक थान ३२ ग्राम	

क्र.सं.	ऋणीको नाम, ठेगाना	धितोको विवरण		
४.	नाम : खिल जंग थापा ना.प्र.नं. ३६८९७, जि.प्र.का. सिन्धुली जारी मिति : २०६१/०२/१७ बाबुको नाम : डम्बर बहादुर थापा बाजेको नाम : गंगा बहादुर थापा ठेगाना : सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स. वडा नं. ५ हाल : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ४, रातमाटा	क्र.सं.	धितो रहेको सुनको विवरण	थान गन्ती / जम्मा तौल
		१.	सुनको रानिहार	१ एक थान
		२.	सुनको सिक्री	३ तिन थान
		३.	सुनको औठी	४ चार थान
		४.	सुनको नेकलेश	१ एक थान / १६०
		५.	सुनको झुम्का	२ दुई थान / ग्राम
		६.	सुनको बाला	४ चार थान
		७.	सुनको चुरा	१ एक थान
		८.	सुनको चन्द्रमा	१ एक थान
		९.	सुनको छड्के तिलहरी	१ एक थान
		१०.	सुनको बिन्दिया	१ एक थान
	ऋणीको नाम, ठेगाना	धितोको विवरण		
५.	नाम : खिल जंग थापा ना.प्र.नं. ३६८९७, जि.प्र.का. सिन्धुली, जारी मिति : २०६१/०२/१७ बाबुको नाम : डम्बर बहादुर थापा बाजेको नाम : गंगा बहादुर थापा ठेगाना : सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स. वडा नं. ५ हाल : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ४, रातमाटा	डम्बर बहादुर थापाको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. ४१ को क्षेत्रफल ३-२-२-२ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।		
	जमानतकर्ताको विवरण			
	१. नाम : तिर्थ कुमारी थापा ना.प्र.नं. ३७०/८८९, जि.प्र.का. सिन्धुली जारी मिति : २०४४/१०/२२ पतिको नाम : डम्बर बहादुर थापा ससुराको नाम : गंगा बहादुर थापा ठेगाना : सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स. वडा नं. ५ हाल : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ४, रातमाटा	२. नाम : रमा कुमारी श्रेष्ठ ना.प्र.नं. ५८, जि.प्र.का. सिन्धुली जारी मिति : २०६२/०९/०९ पतिको नाम : खिल जंग थापा ससुराको नाम : डम्बर बहादुर थापा ठेगाना : सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स. वडा नं. १ हाल : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ४, रातमाटा		
	३. नाम : डम्बर बहादुर थापा ना.प्र.नं. ८८५/२५९६, जि.प्र.का. सिन्धुली, जारी मिति

साना जहाज र कर्णालीको कनेक्टिभिटी

नेपाल वायुसेवा निगमको एउटा तथा निजी क्षेत्रका केही १८ सिटर जहाजले मात्र कति पर्यटकलाई कर्णाली पुऱ्याउलान् ?



● हिक्मतसिंह ऐर

अग्रलेख

दुर्गम क्षेत्रका आमजनताको ठूलो मागलाई सम्बोधन गर्न र हिमाली गन्तव्यमा हवाई सेवा बढाउने भन्दै राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले हालै तीनवटा साना जहाज खरिद गर्न बोलपत्र आह्वान गरी तीनवटा कम्पनीका प्रस्तावमाथि प्रक्रिया अघि बढेको समाचारमा आएको छ। साना हवाईजहाज खरिद प्रक्रिया बढाउनुअघि कर्णाली प्रदेश तथा अन्य हिमाली गन्तव्यलाई केन्द्रमा राखी त्यहाँको वर्तमान हवाई तथा सडक यातायातको अवस्था र त्यस क्षेत्रमा मानिसको आवतजावत एवं आर्थिक गतिविधिमा कनेक्टिभिटीको आवश्यकता र योगदानबारे विश्लेषण पक्कै भएको हुनुपर्छ।

पछिल्ला २५ वर्षमा देशका सबै प्रदेश वा पर्यटकीय गन्तव्यले गरेको आर्थिक एवं सामाजिक विकासको तुलनात्मक विश्लेषण गर्दा नेपालको भौगोलिक बनोटका कारण देशका सबै प्रदेशमा सडक सञ्जालको विस्तार भएको छैन, भएका अधिकतम स्थानमा पनि भूगोलमा रेखा कोरेझैं कच्ची ट्र्याक मात्र खोली मानिसको आवतजावत गर्ने गरेको पाइन्छ। त्यसैले, पछिल्ला ६०-७० वर्षदेखि नै नेपालका दुर्गम हिमाली गन्तव्यलाई सडक मार्गबाट भन्दा पनि हवाई मार्गबाट जोडी मानिसको आवतजावत र सरसामानको बन्दोबस्ती गरिँदै आएको पाइन्छ।

देश संघीय संरचनामा गएको, सबै प्रदेशका बासिन्दाले समान रूपमा राज्यको स्रोत र साधनमा पहुँच पुग्न अत्यावश्यक पूर्वाधार विकासमा सडक एवं हवाई कनेक्टिभिटीमा राज्यले पुऱ्याएको योगदानलाई हेर्ने क्रममा दुर्गम स्थानको वास्तविक स्थितिलाई पनि हेर्नु आवश्यक छ। साथै, पछिल्ला वर्षमा देश र समाजले विकासमा फड्को मारिरहेको अवस्थामा देशका सबै भूभागलाई जोड्ने हवाई यातायात सञ्चालन गरी आवतजावत गर्न निजी वायुसेवा कम्पनी र सरकारी स्वमित्वमा रहेको नेपाल वायुसेवा निगमले नयाँ हवाईजहाज थप्नु अपरिहार्य नै देखिन्छ।

कर्णाली प्रदेशको हवाई सेवाको विकास र विस्तारबारे व्यक्तिगत अनुभव यहाँ राख्न चाहन्छु। सन् २००१ को जनवरी ११ देखि १८ सम्म एसियन डेभलपमेन्ट बैंकको आर्थिक सहयोगमा नेपालका लागि प्रस्तावित इको टुरिजम परियोजनाका सन्दर्भमा पंक्तिकार र परियोजनाको कन्सल्टेन्सी कम्पनीका तर्फबाट डा. ज्ञानेन्द्र तुलाधरलाई डोल्पाको जुफाल, सुर्खेत र हुम्लाको सिमकोट हवाई अड्डाको स्थलगत भ्रमण गरी त्यहाँका स्थानीय प्रतिनिधि र पर्यटन व्यवसायीसँग छलफल गरी प्रतिवेदन पेस गर्ने जिम्मेवारी दिइएको थियो। प्रस्तावित परियोजनाले कर्णाली क्षेत्रमा पर्यापर्यटनको ठूलो सम्भावना देखेर त्यहाँका पर्यटन गन्तव्यको विकास गर्ने परियोजनाअनुरूप वर्तमान हवाई अड्डाको विकास एवं विस्तार गर्न ताल्चा रारा, (मुगु), जुफाल (डोल्पा) र सिमकोट (हुम्ला) हवाई अड्डालाई सुविधायुक्त बनाउने उद्देश्य लिई रनवे विस्तार एवं कालोपत्रे गर्नुका साथै थप आधुनिक उपकरण जडान गरी बाह्रैमास हवाई उडान सञ्चालन गर्ने योजना थियो।

त्यतिखेर देशमा माओवादी द्वन्द्वले गति लिइरहेको थियो। डोल्पाको जुफालमा उत्रेर सदरमुकाम दुनै बजार पुग्दा त्यसको दुई दिनअघि मात्र सदरमुकाममा दुवै सेनाको भिडन्त भई जिल्ला प्रशासन कार्यालय, जेलघर आदि सम्पूर्ण पूर्वाधार भग्नावशेषमा परिणत भएका थिए। स्थानीय पर्यटन व्यवसायी अंगद शाहीको ब्लुसिप होटलमा स्थानीय पर्यटन व्यवसायीसँग छलफल गरी दुई दिनपछि हामी एयर अनन्याको हेलिकोप्टरबाट सुर्खेत फर्कियौं। सुर्खेत हवाई अड्डामा एक दिन निरीक्षण एवं एयरपोर्ट मेनेजरसँग त्यहाँको वस्तुस्थितिबारे छलफल गरी अर्को दिन नेपाल एयरलाइन्सको जहाजबाट हुम्लाको सिमकोट पुग्यौं। त्यहाँ पनि दुई दिन बसी एयरपोर्ट मेनेजर र स्थानीय निकायका प्रतिनिधि एवं पर्यटनसम्बद्ध सरोकारवालासँग छलफल गरी नेपालगन्ज हुँदै काठमाडौं फर्कियौं।

यस अनुभवले पंक्तिकारलाई कर्णाली प्रदेशको त्यसताकाको हवाई यातायात सेवाबारे प्रत्यक्ष बुझ्ने मौका मिलेको थियो। प्रस्तावित एसियन डेभलेपमेन्ट बैंकको आर्थिक सहयोगमा नेपाल सरकारले सञ्चालन गर्ने इको टुरिजम परियोजनाअन्तर्गत हिमाली गन्तव्य सिमकोट (हुम्ला), जुफाल (डोल्पा), जोमसोम (मुस्ताङ), सुकेटार (ताप्लेजुङ) र तुम्लिङटार (संखुवासभा) हवाई अड्डाको रनवे कालोपत्रे गर्ने र आधुनिक उपकरणको जडान गर्ने परियोजना रहेको थियो। साथै, पश्चिम नेपालको कर्णाली क्षेत्रका हिमाली गन्तव्य रारा र से-फोक्सुन्डो तालबीचको स्थान मसिनेचौर डोल्पामा ठूलो एयरपोर्ट बनाई १८ सिटरभन्दा ठूला क्षमताका हवाईजहाज उतार्न सक्ने पूर्वाधार निर्माण गरी कर्णाली क्षेत्रमा पर्यापर्यटनको विकास गर्ने विस्तृत सम्भावना अध्ययन गरी अघि बढ्ने परियोजना तयार गरिएको थियो। तत्कालीन आन्तरिक द्वन्द्वको अवस्थाले गर्दा सो परियोजना कार्यान्वयन हुन सकेन। पछि हाम्रै देशको आन्तरिक स्रोतबाट नेपाल नागरिक उड्डयन प्राधिकरणले हुम्लाको सिमकोट, डोल्पाको जुफाल, मुस्ताङको जोमसोम र तुम्लिङटार एयरपोर्टको रनवे कालोपत्रे गर्नुका साथै आवश्यक उकरणको जडान गरेको देखिन्छ।



आन्तरिक हवाई यातायातको वर्तमान अवस्था : हाल कर्णालीमा रहेका सम्पूर्ण आन्तरिक हवाई अड्डा, सुर्खेत, हुम्ला, डोल्पा, मुगु, जुम्ला, रुकुम (पूर्वी रुकुम) का रनवे कालोपत्रे भई हवाई सेवा सञ्चालन भइरहेको छ। चौरजहारी हवाई अड्डा (पश्चिम रुकुम) र मसिनेचैर हवाई अड्डा (डोल्पा), हाल सञ्चालनमा छैनन्। साथै कालिकोटको नयाँ विमानस्थल बनिसकी सञ्चालनको क्रममा छ। देशमा नयाँ हवाई अड्डा निर्माण कार्यसँगै निजी हवाई सेवा दिने कम्पनीको संख्या बढे पनि दुर्गम क्षेत्रमा निजी क्षेत्रको हवाई सेवा सुचारु भएको पाइँदैन। हाल नेपाल वायुसेवा निगमसँग भएका दुइटा ट्विनअटरमध्ये एक मात्र जहाज उड्ने स्थितिमा छ। नेपाल वायुसेवा निगमको एउटा जहाज र केही निजी क्षेत्रका जहाज कम्पनी तारा, समिट, सीता, अल्टिटुड आदिले १८ सिटर जहाजबाट मात्र कति पर्यटक कर्णाली पुऱ्याउलान् ? यो परिस्थितिले समग्र कर्णाली प्रदेशलाई हवाई यातायातबाट संकुचित बनाएकोजस्तो अवस्था देखिन्छ। कर्णाली प्रदेशका गन्तव्यमा पर्यटन गतिविधिका प्रचुर सम्भावना हुँदाहुँदै पनि पर्यटकलाई त्यहाँ पुऱ्याउन केही गर्न नसकिएको अवस्था छ। त्यस्तै अवस्था सुदूरपश्चिम प्रदेशको पनि छ। त्यहाँका पहाडी आकर्षक गन्तव्य खप्तड, अपी, सैपाल हिमाल बेसक्याम्प आदिका लागि धनगढीबाट चैनपुर (बझाङ) र कैलाश मानसरोवर यात्राका लागि सिमकोट (हुम्ला) सम्म पुग्न जहाज सेवा नै उपलब्ध नभइरहेको अवस्था छ। यसबाट एउटा ठूलो धार्मिक एवं साहसिक पर्यटन बजारको यस भेगमा विस्तार हुन सकिरहेको छैन। त्यस्तै अवस्था लुम्बिनी प्रदेशको नेपालगन्ज एयरपोर्टबाट सिमकोट (हुम्ला), डोल्पा, राराजस्ता महत्त्वपूर्ण गन्तव्यमा जान पनि साना जहाजको संख्या पर्याप्त छैन। सगरमाथातिर जाने पर्यटक सिजनमा त एउटा पनि जहाज पश्चिम नेपालका एयरपोर्टमा पुग्दैनन्।

> साना जहाज कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली गन्तव्यको मात्र नभई पूर्वी नेपालको विराटनगर र चन्द्रगढीबाट हिमाली गन्तव्य लुक्ला तथा सुकेटारबाट पाथीभरा मन्दिर र कञ्चनजंघा बेसक्याम्पतर्फ जान पनि आवश्यक छन्

देशका निजी हवाई सेवा कम्पनीलाई प्रमुख ठूला सहरमा ठूला जहाज चलाउँदैमा भ्याई-नभ्याईको अवस्था छ। हवाई क्षेत्रको यथार्थबारे हाम्रा पर्यटन व्यवसायीलाई थाहै छ। त्यसैअनुरूप देशभित्रका सीमित गन्तव्य घुम्ने योजनाका भरमा हाम्रो पर्यटन क्षेत्र चलिरहेको छ। मर्काचाहिँ दुर्गमका स्थानीय वासिन्दामाथि परिरहेको छ। राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको आर्थिक अवस्था सुदृढ नभएसम्म थप सेवा विस्तार गर्न सकिने अवस्था छैन भन्ने मात्र विगतदेखि नै सुनिँदै आएको छ।

सडक मार्गको वर्तमान अवस्था : सडक मार्गबाट कर्णाली करिडोरमा पर्ने गन्तव्यसम्म पुग्नु रोमाञ्चक यात्रा हो। कर्णाली राजमार्गको सुर्खेतबाट दैलेख, कालिकोटको मान्म हुँदै जुम्लासम्म पक्की सडक पुगेको छ। त्यस्तै जुम्लाबाट पतरासी, खालीचौर हुँदै बुलबुलेमा सिञ्जाबाट आएको बाटामा मिसिँदै रारा तालनजिकको सल्लेरीसम्म जिपमा पुग्न सकिन्छ। यस्तै कर्णाली राजमार्गबाट कालिकोटको मान्मबाट नाग्म, सिन्जाको अफरोड हुँदै रारानजिकको सल्लेरी भन्ने ठाउँसम्म पुग्न सकिन्छ। कर्णालीको राजधानी सुर्खेतबाट दैलेख, कालिकोटको खुलालुसम्म कर्णाली राजमार्ग हुँदै गई, त्यसपछि खुलालु हुँदै अफरोड पुल तरी धुलिचौर पुगेर त्यहाँबाट मसिनेसम्म जिपमा गई रारा निकुञ्ज क्षेत्रभित्रको जंगलमा पदयात्रा गर्दै रारा तालसम्म पुग्न सकिन्छ। हाल कर्णाली करिडोरमा सुर्खेत, दैलेख, कालिकोट, बाजुरा, मुगु हुँदै हुम्लाको चंखेली र सर्केगाड गाउँपालिकाको सिमाना सल्लीसल्लास्थित कर्णाली नदीमाथि ४८.७६ मिटर लामो र ४.२० मिटर चौडा बेलिब्रिज जडान भई दक्षिणी हुम्लाका चार गाउँपालिका राष्ट्रिय सडक सञ्जालसँग जोडिएका छन्। समयमै, सल्लीसल्लाको बेलिब्रिज बनेकाले यसै आर्थिक वर्ष (०८०-८१) मा हुम्लाको सदरमुकाम सिमकोटलाई राष्ट्रिय सडक सञ्जालसँग जोडिने गरी नेपाली सेना र सिमकोट सडक आयोजनाको सम्पूर्ण टिम लागिपरेको छ। माथि चिनियाँ सीमा हिल्सासम्म कच्ची सडक हिल्सा-यारी-यलबाँड-सल्लीगाड हुँदै हुम्लाको सिमकोट सदरमुकामसम्म पुगिसकेको छ। हाल, दुईवटा चाइनिज बस स्थानीय निजी व्यवसायीले यस रुटमा चलाएका पनि छन्।

सहज र सुलभ यातायात र पर्यटन व्यवसायको गहिरो सम्बन्ध हुन्छ। विश्वभरि प्रत्येक देश आफ्नो जल, थल र हवाई मार्गको विकास र विस्तारमा दिनरात लागिपरेको हुन्छन्। छिमेकी राष्ट्र भारतले यस वर्ष देशभरि १२ हजार पाँच सय किलोमिटरको हाइवे सडक निर्माणको लक्ष्य राख्दै प्रत्येक दिन ३४ किलोमिटर हाइवे सडक निर्माण गरिरहेको छ। प्रत्येक पाँच लाख जनसंख्या भएका साना सहरका लागि ठूला बोइङ उत्रिन सक्नेसम्मका हवाई अड्डा बनाउने योजनासहित काम अघि बढाइएको छ। यातायात र पर्यटन व्यवसायको देश विकासमा प्रत्यक्ष सम्बन्ध भएकाले यस क्षेत्रको विकासले देशको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ।

सडक यातायातभन्दा पनि पर्यटकलाई विभिन्न हिमाली गन्तव्यसम्म पुग्न छिटो र सहज हवाई मार्ग नै हो। त्यसैले, पर्यटकलाई नयाँ-नयाँ गन्तव्यमा भ्रमण गराउने, थप पर्यटकीय गतिविधि बढाउने कार्यसँगै स्थानीयवासीको आवागमन र स्थानीय उत्पादनको ओसारपसारबाट समग्र देशकै आर्थिक गतिविधि बढ्नेमा द्विविधा छैन।

साना जहाज कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली गन्तव्यको मात्र आवश्यकता होइन। पूर्वी नेपालको विराटनगर र चन्द्रगढी हवाई अड्डाबाट पनि हिमाली गन्तव्य लुक्ला, सगरमाथातिर जान तथा सुकेटार (ताप्लेजुङ) बाट पाथीभरा मन्दिर र कञ्चनजंघा बेसक्याम्प आदि स्थलतर्फ जान पनि साना जहाज नै आवश्यक छ। त्यसैले, नेपाल वायुसेवा निगमले हाल अघि बढाएको तीनवटा ट्विनअटर जहाज खरिदकार्य यथाशीघ्र कार्यान्वयन होस्। यसले हिमाली भेगका गन्तव्यमा पर्यटक आवागमन बढाउनुका साथै कर्णाली प्रदेशलगायत अन्य हिमाली भेगका जनताको आवागमनमा सहजता थप्न सकोस्।

(ऐर नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक हुन्)

---

३ प्रश्न

विश्लेषक **चन्द्रकिशोर**लाई



मधेश प्रदेशले मनाउँदै गरेको स्वाभिमान र बलिदान दिवसलाई कसरी हेर्नुभएको छ ?

पछिल्ला वर्षहरूमा नेपालमा मात्र नभई दुनियाँभर राजनीतिक विचारधाराभन्दा पनि आफ्नो राजनीतिक वर्चस्व र लाभ जोगाउन विभिन्न नामका प्रतीक या दिवसहरूको खोजी गर्ने परम्परा चलेको छ। यस्ता दिवसमार्फत सम्बन्धित राजनीतिक दल या शक्तिलाई हामी तिमीहरूसँगै छौं भनेर आफ्ना क्लस्टरलाई विश्वस्त बनाउन सजिलो हुन्छ। त्यसैको निरन्तरता हुनु, मधेशले मनाउँदै गरेका यी दिवस।

तीनवटा सशक्त आन्दोलनपछि मधेशले के पायो ?

मधेश आन्दोलनको प्रभावमा ढिलै भए पनि र सीमित क्षेत्रमै भए पनि मधेश प्रदेश बन्यो। यसबाट मधेशले राष्ट्रिय पहिचान पायो। नेपालमा मधेश छ, त्यहाँ मधेशी जनता बसोवास गर्छन्, उनीहरूको पनि नेपाली राष्ट्रियता छ, उनीहरूका अलगै भाषा, संस्कृति, वेशभूषा र रहनसहन छन् भन्ने तथ्य स्थापित भयो। राज्य पुनर्संरचनापछि मधेश प्रदेशले राजनीतिक स्थिरता दियो। मन्त्री, मुख्यमन्त्री बनेपछि राज्य सञ्चालनमा राज्यतन्त्रका अवयवसित मधेशले जोडिन पायो।

अहिले मधेश आन्दोलनको दिशा कता मोडिएको देख्नुहुन्छ ?

पहिलो मधेश आन्दोलनले काठमाडौंलाई मधेशका मुद्दाको 'रियलाइजेसन' गरायो। दोस्रोले संविधान सभा निर्वाचनका लागि सम्झौता गर्न बाध्य बनायो। तर, तेस्रो मधेश आन्दोलनसम्म पुग्दा मधेशका नेताहरूले सत्तामा लडिबुडी खेलिसकेका हुनाले काठमाडौंले उनीहरूका आनीबानी र कमजोरी सबै चिनिसकेको थियो। परिणामस्वरूप विनाकुनै उपलब्धि त्यो आन्दोलन टुंगियो। मधेश आन्दोलन पराजित भयो। काठमाडौंले मधेशलाई पुनः मौजाका रूपमा हेर्न थाल्यो। मधेशको मुख्यमन्त्री काठमाडौंले नियुक्त गर्न थाल्यो। काठमाडौंले मधेशलाई शंकाको नजरले हेर्न थाल्यो। मधेशमा पनि काठमाडौंका 'दाजु'हरू हाबी भए।

प्रेरक प्रसंग

समस्या समाधानको फरक पाटो

एक पिता कुनै किताब पढ्न व्यस्त थिए। तर, उनका १० वर्षीय छोराले नजिक आएर उनलाई तालतालका प्रश्न सोधेर हैरान पारिरहेका थिए। आफूले जतिसुकै सम्झाउँदा वा हप्काउँदा पनि छोरामा कुनै असर नपरेको देखेर पितालाई कुनै अर्कै काममा छोरालाई अल्झाउन पाए हुन्थ्यो कि भन्ने लाग्यो। उनले नजिकै रहेको एउटा पुरानो किताब उठाएर पाना पल्टाए। त्यसमा विश्वको नक्सा छापिएको थियो। उनले त्यो पाना ध्यार्र च्याते र त्यसलाई कैयौं टुक्रामा काटेर मिसमास पारे। अनि, छोरालाई दिँदै भने- बाबु, यो विश्वको नक्सा हो। अब तिमी यी टुक्रालाई जोडेर नक्सा पूरा गरेर बाबालाई देखाऊ ल !



खुसी हुँदै बालक तत्काल काममा जुटे। पिता पनि अब दुई-चार घन्टासम्म ढुक्कले पढ्न पाइने भयो भनेर मक्ख परे। तर आश्चर्य ! मुस्किलले पाँच मिनेट बितेको थियो होला, बालकले ती सबै टुक्रा जोडेर विश्वको नक्सा तयार गरे र पितालाई देखाए। छोराले त्यति कठिन काम पनि कुशलतापूर्वक छोटो समयमै पूरा गरेको देख्दा खुसी हुनुको साटो उनी छक्क परे। उनले छोरालाई प्रश्न गरे- तिमीले यति छिटै कसरी यो काम पूरा गऱ्यौ ? जब कि यो काम निकै कठिन थियो।

छोराले जवाफ दिए- यस्तो काम केको कठिन हुनु नि बाबा ? हजुरले मलाई जुन पेज काटेर दिनुभएको थियो, त्यसको पछाडिपट्टि एउटा कार्टुन चित्र थियो। मैले त्यही चित्रलाई आपसमा मिलाउँदै गएँ, अर्कातिर यो विश्वको नक्सा तयार भयो। यति भनेर छोरा खेल्न बाहिरतिर गए। पिताले छोराले गरेको काम र दिएको जवाफबाट हरेक समस्याको समाधान फरक-फरक तरिकाबाट कोसिस गरे सम्भव हुँदो रहेछ भन्ने मूल्यवान् पाठ सिके।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

धारामा पानी पठाएर देखाऊ

प्रधानमन्त्री प्रचण्डले सिंहदरबारमा मेलम्चीको पानी पुनः वितरणको उद्घाटन गर्दै अब बाह्रै महिना पानी आउँछ भन्ने उद्घोष गरेका रहेछन्। यस्तो उद्घोष उतिखेर तत्कालीन प्रधानमन्त्री केपी ओलीले पनि गरेका थिए। तर, मेलम्चीको पानी ६ महिना पनि आएन। अहिले फेरि प्रधानमन्त्री प्रचण्डले बाह्रै महिना पानी आउने ठोकुवा गरेका रहेछन्। तर, अबका ६ महिनापछि पुनः बर्खा लाग्छ। मेलम्चीमा फेरि बाढी आउला। फेरि लेदोले मुहान पुरिएला र राजधानी आउने पानी रोकिएला। त्यसैले, अब भाषण र वाचा होइन, साँच्चै धारामा पानी पठाएर देखाऊ।

● **अनुपमा देउला**, गैरीधारा, काठमाडौं

आयोजकलाई कारबाही गर

'साँघुरो प्रवेशद्वारमा च्यापिएर १६ घाइते' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो। टुँडिखेलमा मगर र थारू समुदायको माघे संक्रान्ति मेला भर्न पुगेका मानिसको भिड व्यवस्थापनमा भएको त्रुटिले मानिस घाइते हुनुमा मेला आयोजक या व्यवस्थापन समितिका पदाधिकारी जिम्मेवार छन्। घटनाको छानबिन गरी जिम्मेवारमाथि कारबाही गरियोस्। र, आगामी दिनमा यस्ता मेला व्यवस्थापन गर्दा आयोजकले भरपर्दो व्यवस्थापनमा ध्यान दिऊन्। कार्यक्रममा सहभागी हुँदा कोही पनि असुरक्षित हुनु नपरोस्।

● **मोनिका लिम्बू**
अनामनगर, काठमाडौं

सरकारको सही निर्णय

सरकारले विमानस्थल भन्सारको आगमन कक्षको सुरक्षा व्यवस्थालाई चुस्त बनाउन सशस्त्र प्रहरी बललाई सहयोगीका रूपमा खटाउने निर्णय गरेको समाचार पढियो। विशेषगरी हाम्रो भन्सारको आगमन कक्षमा जहिल्यै सुरक्षा त्रुटि हुने, गैरकानुनी सामग्री सजिलै भित्रिनेजस्ता घटना बारम्बार हुँदै आएका छन्। त्यसैले, अहिले सशस्त्र प्रहरी बललाई सहयोगीका रूपमा खटाइएको भए पनि भविष्यमा भन्सारको आगमन कक्षको सुरक्षाको सम्पूर्ण जिम्मेवारी सशस्त्र प्रहरी बललाई नै सुम्पिनु ठीक हुन्छ।

● **भूपेन्द्र कायस्थ**
सिनामंगल, काठमाडौं

राजनीतिले रोगी बनेको स्वास्थ्य क्षेत्र

स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतको हस्तक्षेपले वीर अस्पताल थला परेको छ। वीर अस्पताल मात्र होइन, उनको हस्तक्षेपले सारा स्वास्थ्य क्षेत्र नै अस्वस्थ भई उपचारको प्रतीक्षामा छ। हामीकहाँ जो स्वास्थ्यमन्त्री भएर आए पनि स्वास्थ्य क्षेत्र निरोगी हुन सकेन, उल्टो दीर्घरोगी बन्दै गयो। मन्त्रीको काम कर्मचारीमाथि हस्तक्षेप गर्ने होइन, काम गर्ने सहज वातावरण बनाइदिने हो। अर्को कुरो, मन्त्रीको काम भनेको योजना बनाउने हो, अस्पतालमा कार्यकर्ता भर्ती गर्ने होइन। कम्तीमा मन्त्रीलाई मन्त्रालय दिँदा योग्यता र क्षमता पनि हेर्ने गरौं न। कसैलाई खुसी पार्नकै लागि मन्त्री पद बाँडेर के गर्नु ?

स्वास्थ्य मन्त्रालयको नेतृत्वमा मन्त्री बस्नेत आएपछि १२२ वर्षदेखि बिरामीलाई दिइँदै आएको खाना आर्थिक अवस्था कमजोर भएको नाममा बन्द गराइयो। नेताको तलबभत्ता बढाउँदा देशको आर्थिक अवस्था कमजोर हुँदैन, गरिब विपन्न परिवारलाई राज्यले केही सहुलियतमा खाना खुवाउँदा राज्यको आर्थिक अवस्था कमजोर बन्छ रे, कस्तो तर्क हो यो ?

निजी अस्पतालमा उपचार गर्न सकिँदैन। सरकारी अस्पताल नेताले थला पारे। अनि गरिब तथा असहायले उपचारचाहिँ कसरी र कहाँ गएर गराउने ? स्वास्थ्यमा हरेक नेपालीको पहुँच हुने कुरा संविधानमा लेखेर मात्र हुन्छ र सरकार ? गाँस, वास, कपासपछिको अत्यावश्यक भनेको स्वास्थ्य सेवा हो। तर बिडम्बना, हाम्रो देशमा सबभन्दा रोगी र जर्जर स्वास्थ्य क्षेत्र नै छ। तैपनि, स्वास्थ्य क्षेत्रलाई स्वस्थ बनाउने विषयमा सरकारले चासो दिएको नदेखिनु बडो दुःखको विषय हो।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

विद्रोहपछिको मधेश

मधेशका दल विभाजित हुँदा मधेशका मुद्दा छिनभिन्न भएका छन्, मधेशी नेताहरूलाई सडकभन्दा सत्ता प्रिय भएको छ



● नवीन यादव

पहिलो मधेश आन्दोलन ०६३ माघमा भएको थियो। त्यसअघि पनि मधेशमा विद्रोह भएका थिए। तर, ०६३ को विद्रोह भने निर्णयात्मक थियो। २००७ मा राणाशासनको अवसानपश्चात् मधेशका राजनीतिक रूपले सचेत समूह समानता र आफ्नो पहिचानका निम्ति मधेशकेन्द्रित राजनीतिमा लागे। २००७ मा स्थापित तराई कांग्रेस, रघुनाथ ठाकुर नेतृत्वको नेपाल सद्भावना पार्टीलगायत दल मधेश मुद्दामा निरन्तर संघर्षरत रहे। राज्यको पुनः संरचना, भाषा र नागरिकताको समस्या समाधान, सरकारी सेवामा मधेशीको उचित सहभागिताजस्ता माग ती दलले उठाएका थिए। यसले तत्कालीन सत्तालाई मधेशप्रति सोच्न बाध्य बनाएको थियो। यति भनिराख्दा मधेशीले मधेशका लागि मात्र संघर्ष गरेजस्तो लाग्न सक्छ। तर, त्यस्तो होइन। देशमा भएका सबै विद्रोहमा मधेशीको जबर्जस्त सहभागिता थियो। तर, मधेशीले जसचाहिँ कमै पाए। मधेशीलाई गैरनैपाली ठानेर नागरिकतामै झमेला गर्ने, राज्यका निकायमा मधेशीको पहुँच कम हुने, मधेशमा बोलिने मातृभाषालाई राष्ट्रिय मान्यता नदिने, पहिचानका मुद्दालाई नजरअन्दाज गर्नेजस्ता समस्याका कारण मधेशी जनताले मधेशकेन्द्रित क्षेत्रीय राजनीति सुरु गरेका थिए। देशमा दोस्रो जनआन्दोलनको सफलतापश्चात् मधेशीहरू फेरि आफ्नो पहिचान र समानताका लागि मैदानमा उत्रिए। मधेशी जनअधिकार फोरमले आगामी दिनमा संघीयता र समानुपातिक समावेशितासहितको संविधान आउनुपर्ने माग अघि साऱ्यो। १ माघ ०६३ मा संघीयताविनाको अन्तरिम संविधान जारी भयो। मधेशी नेताहरूले माइतीघर मण्डलामा पुगेर अन्तरिम संविधानको प्रति जलाए। लगत्तै उनीहरू पक्राउ परे। सरकार उनीहरूमाथि मुद्दा चलाउने तयारीमा थियो। यसको विरोधमा मधेशमा आन्दोलन सुरु भयो। आन्दोलनकै क्रममा ५ माघमा विद्यार्थी रमेश महतोको गोली लागी ज्यान गयो। उनी मधेश आन्दोलनका प्रथम सहिद भए। त्यसपछि मधेश झनै आक्रोशित भयो। आन्दोलन लम्बियो। त्यस क्रममा धेरै मधेशी मारिए। प्रहरी दमन बढ्दै गयो। कैयौं घाइते भए। कैयौं अंगभंग भए। स्वायत्त मधेश एक प्रदेश, जनसंख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण, प्रहरीको गोलीबाट मृत्यु भएकाहरूलाई सहिद घोषणा, समावेशी समानुपातिक प्रणालीलगायत माग पूरा नभएसम्म आन्दोलन जारी राख्ने मधेशको आक्रोशको भारलाई सरकारले थाम्न सकेन। सरकार झुक्यो र २२ बुँदे सहमति भयो। आन्दोलन फिर्ता भयो।

> मधेश आन्दोलनअघि मधेशीको राष्ट्रियतामाथि सन्देहको नजरले हेरिन्थ्यो। वर्ण, भाषा र वेशभूषाका आधारमा मधेशीको राष्ट्रियताको मापन गरिन्थ्यो। अहिले त्यसमा धेरै परिवर्तन आएको छ।

२२ बुँदे सहमति कार्यान्वयन नभएपछि ०६४ मा दोस्रो मधेश आन्दोलन भयो। सरकार र आन्दोलनकारीबीच फेरि आठबुँदे सहमति भयो। त्यसपछि मात्र पहिलो संविधानसभाको निर्वाचन सम्भव भएको थियो। ०७२ मा तेस्रो मधेश आन्दोलन भयो। यो आन्दोलनका क्रममा पनि मधेशीले सहादत प्राप्त गरे। भारतले नाकाबन्दी यसै आन्दोलनका क्रममा लगाएको थियो।

मधेश आन्दोलनलाई दुई कोणबाट हेर्ने गरिएको छ। एक पक्षले मधेश विद्रोह मधेशी नेतालाई सत्ता चढाउने भऱ्याङका रूपमा मात्र प्रयोग भएको दाबी गर्छन् भने अर्को पक्षले मधेश विद्रोहबाट मधेशले आफ्नो पहिचान पाएको तर्क गर्छन्। तीनवटै मधेश विद्रोहमा सयभन्दा बढीले सहादत प्राप्त गरे। हजारौं घाइते भए। क्रान्ति या विद्रोहका सकारात्मक र नकारात्मक दइटै पक्ष हुन्छन्। फाइदा र नोक्सान दुवै हुन्छन्। मधेश आन्दोलका पनि दुई पाटा छन्। पहिलो, मधेश आन्दोलनभन्दा पहिले मधेशलाई अहिलेभन्दा फरक दृष्टिले हेरिन्थ्यो। विभेद बढी थियो। मधेशलाई बुझ्ने कम थिए। सरकारी सेवामा मधेशको सहभागिता न्यून थियो। निर्णायक निकायमा मधेशको पहुँच कमजोर थियो। मधेश विद्रोहपछि मधेशीलगायत समुदायमा यस्ता कुरामा केही परिवर्तन भएको छ।

आन्दोलनअघि मधेशी मूलका नागरिक नेपाली होइनन् भन्ने भ्रामक भाष्यमा धेरैको विश्वास थियो। मधेश शब्द धेरैका लागि अप्रिय थियो। मधेशमा रहेका जानकी मन्दिर, कोसी ब्यारेज, राजा जनक, सीता माता, गौतम बुद्धलाई नेपालको सम्पत्ति र नेपाली मान्ने, तर त्यही भेगका जनतालाई विदेशी मान्ने सोच व्याप्त थियो। मधेशीको राष्ट्रियतामाथि सन्देहको नजरले हेरिन्थ्यो। वर्ण, भाषा र वेशभूषाका आधारमा मधेशीको राष्ट्रियताको मापन गरिन्थ्यो। केही सञ्चारमाध्यमबाट समेत मधेशीको वेशभूषा, रहनसहनमाथि खिल्ली उडाइन्थ्यो। भारतका नेपालीभाषीलाई नेपाली ठान्ने तर नेपालको मधेशका भाषा बोल्ने मधेशीलाई भारतीय ठानिन्थ्यो। मधेश आन्दोलनपछि यसमा परिवर्तन आएको छ। मधेशीले थोरै भए पनि राहत पाएका छन्। माइतीघर मण्डलामा निर्धक्कसाथ आफ्नो अधिकारका लागि अवाज उठाउन पाएका छन्। मधेशीलाई भारतीय ठान्नेहरू कम भएका छन्। गालीका रूपमा प्रयोग हुने गरेको मधेश शब्द अहिले एउटा प्रदेशका रूपमा चिनिन्छ। मधेश नेपालको भूमि र मधेशी नेपाली हुन् भन्ने सोच बलियो हुँदै छ। यो सबै मधेश आन्दोलनकै कारण सम्भव भएको हो। पहिचानसहितको मधेश प्रदेश मधेश आन्दोलनकै देन हो। मधेश आन्दोलनले मेचीदेखि महाकालीसम्मको तराईका जिल्ला सबै मधेश प्रदेश हुनुपर्ने माग उठाएको भए पनि आठ जिल्लाको मात्र मधेश प्रदेश बन्यो। त्यसैले, कतिले मधेश आन्दोलन असफल भएको पनि ठान्ने गरेका छन्। तर, केही नपाउनुभन्दा थोरै भए पनि पाउनु राम्रो हो। त्यसैले मधेश आन्दोलनलाई असफल भन्नु कदाचित जायज ठहरिँदैन। देशमा समानुपातिक समावेशिता लागू हुनुको श्रेय मधेश आन्दोलनलाई नै जान्छ। देशका विभिन्न निकायमा मधेशी, आदिवासी, जनजाति, मुस्लिम, दलित, सीमान्तकृतलगायत समुदायको सहभागिता बढ्दै जानुमा मधेश आन्दोलनकै भूमिका छ। मधेश आन्दोलनले मधेशलाई आफ्नो अधिकारका लागि लड्नुपर्ने रहेछ भन्ने बोध गरायो। मधेश राजनीतिलाई संस्थाबद्ध गरी नयाँ निर्देशिका प्रदान गऱ्यो। मधेशीलाई मधेशको समस्याप्रति विदित बनायो। शोषण गर्नेलाई ठाडो जवाफ फर्काउन सिकायो।

अहिले मधेशका दलहरू विभाजित अवस्थामा छन्। मधेशका मुद्दा छिनभिन्न भएका छन्। अहिले मधेशी नेताहरूलाई सडकभन्दा सत्ता प्रिय भएको छ। मधेशका केही मुद्दा बिर्सिइएको अवस्थामा छन्। मधेशमा स्वास्थ्य, शिक्षा, रोजगारी, कृषिको अवस्था शिथिल छ। राज्य र मधेशकेन्द्रित दलले त्यता ध्यान द

निर्वाचन नजिकिँदै जाँदा बढ्यो पाकिस्तानमा सुरक्षा चिन्ता

इस्लामाबाद / पाकिस्तानले आगामी महिना हुने निर्वाचनअघि देशको उत्तरपश्चिमी क्षेत्रमा हजारौँ सुरक्षा बल तैनाथ गर्ने भएको छ। करिब २४ करोड जनसंख्या भएको पाकिस्तानमा फेब्रुअरी ८ मा निर्वाचन हुँदै छ। पाकिस्तानमा अघिल्ला निर्वाचन अभियानहरूमा हिंसा हुने गरेको इतिहासलाई मध्यनजर गर्दै सरकारले सुरक्षा बढाउने तयारी गरेको छ।



फेब्रुअरीको पहिलो साता करिब पाँच हजार अर्धसैनिक फ्रन्टियर कन्स्टेबुलरी (एफसी) बल अफगानिस्तानको सीमा जोडिएको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा तैनाथ हुने अधिकारीले जानकारी दिएका छन्। देशका लोकप्रिय नेता इमरान खानलाई कारागारमा राखेर गर्न लागिएको निर्वाचनमा धाँधलीको डर उच्च छ।

'सुरक्षा स्थिति बिग्रिँदै गइरहेको छ र मतदानको दिन मतदान केन्द्रहरूमा अतिरिक्त प्रहरी टिम तैनाथ गरिनेछ,' एक वरिष्ठ क्षेत्रीय सरकारी अधिकारीले भने। उनका अनुसार अतिरिक्त सत्र सय एफसी बल राजधानी इस्लामाबाद र चार सय दक्षिणी तथा सबैभन्दा धेरै जनसंख्या भएको सहर कराँचीमा तैनाथ गरिनेछन्। एफसी बललाई आतंकवादी हमलाको चपेटामा परेका प्रहरीलाई सहयोग गर्ने जिम्मा दिइनेछ।

यसैबीच मंगलबार सिन्ध प्रान्तका मुख्यमन्त्री मकबुल बकरले निर्वाचनमा उम्मेदवारमाथि आक्रमण हुन सक्ने गुप्त रिपोर्ट प्राप्त भइरहेको चेतावनी दिएका छन्। पाकिस्तानका लागि सबैभन्दा ठूलो आतंकवादी खतरा तहिरक-ए-तालिबान पाकिस्तान (टिटिपी) लाई मानिन्छ। इस्लामाबादले काबुलको तालिबान सरकारमाथि टिटिपी लडाकुलाई शरण दिएको र उनीहरूलाई पाकिस्तानी भूमिमा आक्रमणको छुट दिएको आरोप लाग्दै आएको छ। काबुलले बारम्बार ती आरोपलाई अस्वीकार गर्दै आएको छ।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
सञ्चार रजिष्ट्रारको कार्यालय
हेटौंडा, मकवानपुर, नेपाल

जनचेतनामूलक प्रचार सामग्री प्रसारणका लागि निवेदन दिने सूचना

सूचना प्रकाशित मिति : २०८०।१०।०३ गते

जनचेतनामूलक प्रचार सामग्री निर्माण, प्रसारण तथा वितरण कार्यविधि, २०८० स्वीकृत भएको मितिसम्म बागमती प्रदेश सरकारबाट इजाजतपत्र प्राप्त एफ.एम., रेडियो, केवल टेलिभिजन र अनलाईन सञ्चारमाध्यमलाई सो कार्यविधिको दफा ५ र सोही कार्यविधिको अनुसूची १ बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र फाराम भरी तपशिलबमोजिमको तोकिएको रकम दाखिला गरेको भौचर र तोकिएको कागजातसहित यस कार्यालयमा दर्ता गराउनु हुन अनुरोध गरिन्छ।

तपशिल

१. केवुल टेलिभिजनका लागि एक हजार रुपैयाँ,
२. एफ.एम. रेडियोका लागि पाँचसय रुपैया,
३. अनलाईन सञ्चारमाध्यमका लागि पाँचसय रुपैयाँ,

राष्ट्रिय वाणिज्य बैंक खाता नं.: १०००१००२०००१०००० **कार्यालय कोड नं.** : ३१४००३२१४३, **राजश्व शीर्षक** : १४२२९

नोट : कार्यविधि, कार्यालयको वेवसाइट https://cro.moial.p3.gov.np **बाट प्राप्त गर्न सक्नुहुनेछ। यस सम्बन्धी थप जानकारी लिनुपरेमा सञ्चार रजिष्ट्रारको कार्यालय हेटौंडा** (०५७-५२०२५०), **काठमाडौं उपत्यका कार्यालय** (०५७-५४२०४४७) **मा सम्पर्क राख्नु सक्नुहुनेछ। सम्बन्धित जिल्लाबाट तोकिएबमोजिमका कागजातसहितको निवेदन कार्यालयको इमेल** admin.cro@bagamati.gov.np **मा पनि पठाउन सक्नु हुनेछ।**

इतिहासमा आज



सन् २०१९ : भारतीय धार्मिक गुरु राम रहिम सिंहले उनी जोडिएको यौन शोषणको घटना सार्वजनिक गर्ने पत्रकारको हत्या गरेको आरोपमा उनका दुई सहयोगीसहित आजीवन कारावासको सजाय पाए।

सन् १९१७ : अमेरिकाले अघिल्लो वर्ष डेनमार्कसँग गरेको सम्झौताअनुरूप भर्जिन आइल्यान्डको खरिदस्वरूप तिर्नुपर्ने २.५ करोड डलर तिऱ्यो।

सन् १९४६ : संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को पहिलो बैठक बेलायतको बेस्टमिनिस्टरस्थित सेन्ट्रल हलमा बस्यो।

सन् १९६१ : अमेरिकी राष्ट्रपति ड्विट आइजनहावरले उनको कार्यकालको अन्तिम टेलिभिजन सम्बोधन गर्दै 'सैन्य औद्योगिक गठजोड'को हातमा अत्यधिक शक्ति पर्दा आइलाग्ने खतराबारे चेतावनी दिएका थिए। उनको यो भनाइ अमेरिकी प्रगतिशीलहरूमाझ निकै लोकप्रिय छ।

सन् १९९१ : इराकले छिमेकी देश कुवेतलाई आक्रमण गरेर कब्जामा लिएपछि अमेरिकाको नेतृत्वमा गठित गठबन्धन फौजले इराकविरुद्ध 'अप्रेसन डिजर्ट स्टोर्म' सुरु गऱ्यो। यही अभियानअन्तर्गत २८ फेब्रुअरीमा कुवेत स्वतन्त्र भएको थियो।

सन् २०१७ : अमेरिकी राष्ट्रपति बाराक ओबामाले कार्यकालको अन्त्यमा उनको राष्ट्रपतीय क्षमादान विशेषाधिकार प्रयोग गर्दै विकिलिक्सलाई ठूलो गोप्य फाइल दिने चेल्सी म्यानिङको ३५ वर्षे जेल सजाय सात वर्षमा झारे।

सन् २०२१ : रुसी विपक्षी नेता एलेक्सी आफ्नाथि भएको विष आक्रमणको उपचार गरेर जर्मनीबाट देश फर्किएलगत्तै पक्राउ परे।

विश्व संक्षेप

उत्तर कोरियाली तथा रुसी विदेशमन्त्रीबीच भेटवार्ता

मस्को / रुसी विदेशमन्त्री सर्गेई लाभरोभ र उनका उत्तर कोरियाली समकक्षी चो सन हुईले मस्कोमा भएको भेटवार्तामा तिनको सम्बन्धबारे कुराकानी गरे। उनीहरूले मंगलबार तिनका मुलुकबीचको सम्बन्धको प्रशंसा गरे। दुई मुलुकबीच घनिष्टता बढेको सन्दर्भमा पश्चिमी मुलुकले युक्रेनमा मस्कोको सैन्य हस्तक्षेपलाई उत्तर कोरियाले सघाइरहेको आरोप लगाएका छन्। अमेरिकाले यसै महिना रुसले उत्तर कोरियाली क्षेप्यास्त्रबाट युक्रेनमा आक्रमण गरेको बताएको थियो। प्योङ्याङले उसको आणविक तथा ब्यालेस्टिक क्षेप्यास्त्र कार्यक्रमका लागि धेरै अन्तर्राष्ट्रिय प्रतिबन्ध सामना गरिरहेको छ। किम शासनमा आएदेखि ती कार्यक्रममा तीव्र प्रगति भए। युक्रेनका सहयोगीले उत्तर कोरियाले रुसको हातहतियार खरखाजाना घटेको समयमा अभाव पूरा गर्न सघाएको आरोप लगाइरहेका छन्। लाभरोभले विवरण उल्लेख नगरी बैठकको उद्देश्य किम र पुटिनबीच रुसमा शिखर सम्मेलनका क्रममा भएका सम्झौताको समीक्षा गर्नु रहेको बताए। त्यस्तै उत्तर कोरिया भ्रमणको निमन्त्रणा आएको र पुटिनबाट त्यसलाई स्वीकार भएको पनि बताइएको छ। तर, पुटिन कहिले प्योङ्याङ जानेछन् भन्नेबारे केही जानकारी बाहिर ल्याइएको छैन।

इरानद्वारा सिरिया र इराकका कुर्दिस क्षेत्रमा मिसाइल आक्रमण

तेहरान / इरानको इस्लामिक रिभोलुसन गार्डस कोर्प (आइआरजिसी)ले सिरिया र इराकका कुर्दिसबहुल क्षेत्रमा ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको जनाएको छ। मंगलबार सेपाह समाचारमा प्रकाशित तीनवटा विज्ञप्तिमार्फत आइआरजिसीले आक्रमणको घोषणा गरेको हो। यी आक्रमणलाई केही समयअघि इरानको बलुचेस्तान क्षेत्रमा भएको 'आतंकवादी हमला'को प्रतिक्रियाका रूपमा हेरिएको छ। इराकी सुरक्षा स्रोतका अनुसार इराकको कुर्दिस्तानको राजधानी एर्बिलमा आइआरजिसीले गरेको मिसाइल आक्रमणमा चारजनाको मृत्यु भएको छ। जनवरी ३ मा दिवंगत इरानी जनरल कासिम सुलेमानीको चिहाननजिकै दुइटा आत्मघाती विस्फोट भएको थियो। घटनामा ९० जनाभन्दा बढीको मृत्यु भएको थियो भने २८० जना घाइते भएका थिए। जनवरी ४ मा भएको बम विस्फोटको जिम्मेवारी आइएस आतंकवादी समूहले लिएको थियो।

युक्रेनका लागि अर्बौं डलर जुटाउने प्रयासमा संयुक्त राष्ट्रसंघ

न्युयोर्क / संयुक्त राष्ट्रसंघले द्वन्द्वग्रस्त युक्रेनको समुदाय र शरणार्थीका लागि यस वर्ष ४.२ अर्ब अमेरिकी डलर जुटाउने प्रयास गरिरहेको छ। संयुक्त राष्ट्रसंघले मुख्यतः ८५ लाख विस्थापित युक्रेनीलाई मानवीय सहायता प्रदान गर्न दाताबाट ३.१ अर्ब डलर जुटाउने योजना बनाएको एक युक्रेनी मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ। रुस-युक्रेन द्वन्द्वका कारण देशबाट भाग्न बाध्य भएका २३ लाख युक्रेनी शरणार्थीलाई सहयोग गर्न १.१ अर्ब डलर जुटाउने संयुक्त राष्ट्रसंघको लक्ष्य छ। युक्रेनी उपप्रधानमन्त्री इरिना भेरेसुकले द्वन्द्वबाट प्रभावित युक्रेनीलाई सहयोग गर्ने संयुक्त राष्ट्रसंघीय मानवीय योजनामा किभले उच्च आशा राखेको बताए। उनले आन्तरिक रूपमा विस्थापित युक्रेनी तथा युद्धबाट भागेर विदेश गएका आफ्ना नागरिकलाई समर्थन जारी राख्नुपर्नेमा जोड दिए। सन् २०२२ को फेब्रुअरीदेखि करिब ६३ लाख युक्रेनी नागरिक युद्धबाट भागेको संयुक्त राष्ट्रसंघले जनाएको छ। युक्रेनी अधिकारीका यीमध्ये करिब ४९ लाख मानिस आन्तरिक रूपमा विस्थापित भएका छन्।

मिर्मिरे लघुवित वित्तीय संस्था लिमिटेड
Mirmire Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बनेपा नगरपालिका वडा नं. ८, बनेपाबजार, काभ्रेपलाञ्चोक
फोन नं. ०११-६६२३११/१२, E-mail : info@mirmirebank.com.np, Website : www.mirmirebank.com.np

Unaudited Interim Financial Statement

Condensed Statement of Financial Position As on Quarter Ended 29th Poush 2080

Amount in NPR

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and cash equivalents	266,922,130	553,113,729
Statutory Balance and due from Nepal Rastra Bank	46,133,521	53,633,521
Placement with Bank and Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and advances to MFISs & Cooperatives	-	-
Loans and advances to customers	8,266,436,975	8,000,681,013
Investment securities	1,500,000	1,500,000
Current tax assets	-	14,958,666
Investment property	-	-
Property and Equipment	193,661,835	196,261,068
Goodwill and Intangible assets	33,371,529	33,591,584
Deferred Tax Assets	3,262,447	3,262,446
Other assets	168,968,577	64,343,846
Total Assets	**8,980,257,014**	**8,921,345,873**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposits from customers	2,594,673,637	2,614,710,075
Borrowings	4,895,967,437	4,905,973,422
Current Tax Liabilities	412,063	-
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other liabilities	394,607,132	354,321,034
Debt securities issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**7,885,660,269**	**7,875,004,532**
Equity		
Share Capital	665,764,273	653,382,900
Share Premium	-	-
Retained Earnings	62,347,292	42,472,593
Reserves	366,485,180	350,485,848
Total Equity	**1,094,596,745**	**1,046,341,341**
Total Liablities and Equity	**8,980,257,014**	**8,921,345,873**

Condensed Statement of Profit or Loss For the quarter ended 29th Poush 2080

Amount in NPR

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Interest income	325,746,601	570,450,433	449,786,320	653,212,659
Interest expense	184,306,145	391,894,779	283,102,289	412,439,962
Net interest income	**141,440,456**	**178,555,654**	**166,684,031**	**240,772,697**
Fees and commission income	23,502,323	39,988,786	29,318,865	45,195,177
Fees and commission expense	14,101	32,435	27,783	43,556
Net fee and commission income	**23,488,223**	**39,956,351**	**29,291,082**	**45,151,620**
Net interest, fee and commission income	**164,928,679**	**218,512,005**	**195,975,113**	**285,924,317**
Net trading income	-	-	-	-
Other operating income	274,848	4,847,166	106,421	241,812
Total operating income	**165,203,527**	**223,359,171**	**196,081,534**	**286,166,129**
Impairment charge/(reversal) for loans and other losses	(25,365,526)	(2,163,829)	(11,777,428)	(2,500,448)
Net operating income	**190,569,053**	**225,523,000**	**207,858,962**	**288,666,576**
Operating expense				
Personnel expenses	59,871,942	133,384,010	78,355,113	145,316,586
Other Operating expenses	23,096,858	39,752,451	44,923,405	55,287,619
Depreciation and Amortization	1,925,334	3,807,362	5,050,578	5,050,578
Operating Profit	**105,674,918**	**48,579,177**	**79,529,866**	**83,011,794**
Non-operating Income	-	-	-	-
Non-operating expense	-	-	-	-
Profit before income tax	**105,674,918**	**48,579,177**	**79,529,866**	**83,011,794**
Income tax expense				
Current tax	14,573,753	14,573,753	23,858,959.66	24,903,538.15
Deferred Tax	(17,128,722.47)	-		
Profit for the period	**73,972,443**	**34,005,424**	**55,670,906**	**58,108,256**

Condensed Statement of Comprehensive Income

Amount in NPR

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Profit or loss for the Period	**73,972,443**	**34,005,424**	**55,670,906**	**58,108,256**
Other Comprehensive Income			**(1,699,622)**	**(1,699,622)**
Total Comprehensive Income for the period	-	-	**53,971,283**	**53,971,283**
Total Profit for the Period	**73,972,443**	**34,005,424**	**55,670,906**	**58,108,256**
Earnings per share				
Basic earnings per share		**5.11**		**17.79**
Annualized Basic Earnings Per Share		10.22		17.79
Diluted earnings per share		10.22		17.79

Ratios as per NRB Directive

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Capital Fund to RWA	-	9.71%	-	9.27%
Non-Performing Loan (NPL) to total Loan	-	4.51%	-	3.84%
Total loan loss provision to Total NPL	-	48%	-	46.56%
Cost of funds	-	10.45%	-	11.72%
Credit to Deposits and Borrowing Ratio	-	318.59%	-	107.35%
Base rate	-	16.56%	-	17.80%
Interest Rate Spread	-	4.53%	-	3.14%

Details about the Distributable Profit

Amount in NPR

Net profit For the end of 29th Poush 2080	**34,005,424**
1. Appropriation	
1.1 Profit required to be appropriated to:	**7,481,193**
a. General Reserve	6,801,085
b. Capital Redemption Reserve	-
c. Exchange Fluctuation Fund	-
d. Corporate Social Responsibility Fund	340,054
e. Employee Training Fund	-
f. Client Protection Fund	340,054
g. Other	-
1.2 Profit required to be transferred to Regulatory Reserve	**6,649,804**
a. Transferred to Regulatory Reserve	6,649,804
b. Transferred from Regulatory Reserve	-
Profit for the end of 29th Poush 2080 Available for Distribution	**19,874,426**

Notes :

1. Figures presented above may vary with the audited figures if instructed by regulators/statutory auditor.
2. The microfinance has applied alternative treatment in the crave out issued by the Institute of Chartered Accountants of Nepal with respect to the Impairment of Loans and Advances.
3. Loans and Advances are presented net of impairment charges
4. Actuarial Valuation has been done on annual basis for Employee Benefits.
5. Figures are regrouped/rearranged/restated wherever necessary for consistent and fair presentation and comparison.
6. The interim financial statements has been uploaded in the website www.mirmirebank.com.np

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ नियम २६ को उपनियम (१) संग सम्बन्धित आ.व. २०८०/०८१ को दोस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण :**

क) आ.व. २०८०/०८१ को दोस्रो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

ख) **प्रमुख वित्तीय अनुपातहरु :**

प्रति शेयर आम्दानी	मूल्य आम्दानी अनुपात	तरलता अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कूल सम्पत्तिको मूल्य
१०.२२	६१.०६	१०.२९	१६४.४१	१,३४८.८६

२. **व्यवस्थापकीय विश्लेषण :**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धी विवरण** : यस त्रैमासमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा परिवर्तन भएको छ। तरलतामा सहज भएपछि कर्जा लगानी वृद्धि सन्तोषजनक रुपमा भएको तथा कर्जा असुलीमा समेत सन्तोषजनक वृद्धि भएको कारण सोको प्रत्यक्ष असर आम्दानी वृद्धिमा भएको र संस्थाको विद्यमान जोखिमहरुलाई न्युनीकरण र व्यवस्थापन गरी लक्षित व्यावसायिक उपलब्धि सन्तोषजनक रुपमा हासिल भएको छ।

ख) **आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : कर्जा जोखिम लगायतका जोखिमहरुलाई व्यवस्थापन गरी वित्तीय संस्थाको व्यावसायिक कार्य सञ्चालनलाई थप प्रभावकारी बनाउने, कर्जा लगानी वृद्धि गर्ने, वित्तीय स्रोत संकलन र परिचालनमा जोड दिने, न्युन लागतमा आवश्यक कोष व्यवस्थापन गर्ने, संस्थागत मूल्य मान्यतामा वृद्धि गर्न आवश्यक कार्यहरु गर्ने, वित्तीय संस्थाको व्यावसायिक विस्तारको क्रममा आईपर्ने समस्या तथा चुनौतिहरुको उचित व्यवस्थापन गर्दै संस्थाको व्यावसायिक कार्य सञ्चालनलाई थप प्रभावकारी, व्यवस्थित, मर्यादित र विश्वासिलो बनाई आगामी दिनहरुमा वित्तीय संस्थाको कार्य सञ्चालन गरिनेछ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पर्न सक्ने घटना आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** : वर्तमान समयमा देखिएका र भविष्यमा आईपर्ने सम्भावित जोखिमहरुको न्युनीकरण र व्यवस्थापन गरी विगतको प्राप्त अनुभवलाई समेत मार्गदर्शनको रुपमा उपयोग गर्दै संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा कुनै पनि नकारात्मक असर पर्न नदिन र विगत त्रैमास भन्दा बढोत्तरी रुपमा व्यावसायिक प्रगति हासिल गर्न वित्तीय संस्थाले लक्षित कार्य योजनाको सफल कार्यान्वयन गर्दै व्यावसायिक र संस्थागत उपलब्धि हासिलका लागि प्रयास गरिरहेको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**

क) आ.व. २०८०/०८१ को दोस्रो त्रैमास सम्ममा यस संस्थाले वा संस्थाको विरुद्ध कुनै पनि मुद्धा दायर भएको छैन।

ख) यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको छैन।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन।

४. **वित्तीय संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण :**

क) यस संस्थाको शेयर कारोबारको अवस्था दोस्रो बजारमा सकारात्मक रहेको छ। संस्थाको व्यावसायिक विस्तारसंगै शेयर कारोबार मूल्य समेत सन्तोषजनक रहेको छ ।

ख) नेपाल स्टक एक्सचेन्जको वेबसाईट: www.nepalstock.com.np अनुसार मिति २०८०/०७/०१ देखि २०८०/०९/२९ सम्मको अवधिमा यस संस्थाको शेयर कारोबार निम्न बमोजिम रहेको छ।

अधिकतम मूल्य	न्युनतम मूल्य	अन्तिम मूल्य	कारोबार दिन	कारोबार संख्या	कारोबार रकम	कारोबार कित्ता
६७५	४८१	६२४	४९	३९८६	९,९४,४५,३३१।-	१,७६,५९०

५. **समस्या तथा चुनौती :**

कोष व्यवस्थापन गर्ने क्रममा तरलताको समस्या विगतको भन्दा कम भएता पनि कोषको लागत कम हुन नसक्दा सोको प्रत्यक्ष प्रभाव संस्थाको मुनाफामा देखिएकाले व्यावसायिक प्रगति प्रभावित हुनसक्ने समस्या भएता पनि समस्या र चुनौतीहरुबाट संस्थाको कारोबारमा कुनै पनि प्रभाव पर्न नदिई लक्षित उपलब्धि हासिल गर्नका लागि संस्था प्रयासरत छ।

६. **संस्थागत सुशासन :**

संस्थागत सुशासन, संस्थागत संस्कार र पेशागत आचरणको परिपालना संस्था विकासको लागि आधारस्तम्भ समेत भएको हुँदा सोही अनुरुप वित्तीय संस्थाको आर्थिक तथा प्रशासनिक काम कारवाहीहरु एवम् सबै क्रियाकलापहरु पारदर्शी रुपमा संचालन भईरहेका छन्। संस्थामा सम्पादन हुने कार्यहरु नेपाल राष्ट्र बैंकको निर्देशन, प्रचलित ऐन-कानून, अन्य नियमनकारी निकायहरुको नीति-निर्देशनका साथै वित्तीय संस्थामा विद्यमान प्रबन्धपत्र-नियमावली, विनियम, नीति र कार्यविधिहरुको परिपालना हुनेगरी सम्पादन हुने व्यवस्था गरिएको छ।

७. **सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरुलाई निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन।

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार ३ माघ ०८०

आइओसीको दबाबपछि ट्यांकर स्तरोन्नति गरिँदै

बैतालपुर डिपोले बटम लोडिङ नभएका ट्यांकरमा पेट्रोल नै नदिने चेतावनी दिएपछि तत्काललाई ५० ट्यांकर बटम लोडिङका लागि योग्य बनाउँदै आयल निगम

अजित अधिकारी/नयाँ पत्रिका

इन्डियन आयल कर्पोरेसन (आइओसी)को दबाबपछि भारतबाट इन्धन ओसार्ने ट्यांकरमा बटम लोडिङ प्रविधि (ट्यांकरको तल्लो भागबाट तेल हाल्ने विधि) जडानलाई नेपाल आयल निगमले तीव्रता दिन थालेको छ।

उत्तर प्रदेशको बैतालपुरस्थित आइओसीको डिपोले केही दिनअघि बटम लोडिङ नभएको ट्यांकरमा पेट्रोल नपठाउने चेतावनी दिएपछि निगमले भारतबाट तेल ओसार्ने ट्यांकरमा यस्तो प्रविधि जडान गर्न थालेको हो।

बैतालपुरबाट लुम्बिनी प्रादेशिक कार्यालय, भैरहवा डिपोमा पेट्रोल ओसार्ने ४८ ट्यांकरमा बटम लोडिङ जडानको गृहकार्य थालिएको निगम प्रवक्ता मनोज ठाकुरले जानकारी दिए।

'बैतालपुर-भैरहवा रुटमा पेट्रोल ढुवानी गर्ने सातवटा ट्यांकरमा रेट्रोफिटिङ गरी बटम लोडिङ गर्न सक्ने प्रविधि जडानको काम थालिसकेका छौं,' ठाकुरले भने, 'पहिलो चरणमा सातवटा ट्यांकर बटम लोडिङका लागि तयार हुनासाथ थप सातवटालाई पनि यही प्रविधि जडानका लागि पठाइहाल्छौं।'

बैतालपुर डिपोले आगामी दुई महिनापछि बटम लोडिङबाट मात्रै नेपालका ट्यांकरलाई तेल दिने बताएको छ। निगमको लुम्बिनी प्रादेशिक कार्यालय, भैरहवाको प्रमुख कमला न्यौपानेले ट्यांकरलाई बटम लोडिङ योग्य बनाउन ढुवानीकर्ताहरूलाई पत्राचार गरिसकेको जानकारी दिईन्। 'बैतालपुरबाट पेट्रोल ल्याउन अहिले ४८ ट्यांकरलाई बटम लोडिङ योग्य बनाउँछौं, त्यसका लागि आवश्यक तयारी गर्न ढुवानीकर्तालाई पनि भनेका छौं' उनले भनिन्।



२२ साउनमा बटम लोडिङ भई तेल लिएर निगमको थानकोट डिपोमा आएको ट्यांकर

■ बटम लोडिङको फाइदा

इन्धन चुहिने, पोखिने र लिकेज हुने सम्भावना न्यून हुन्छ। ट्यांकरको माथिल्लो भागबाट एक मिनेटमा १२ सय लिटर तेल लोड हुन्छ भने बटम लोडिङ प्रविधिले २५ सय लिटर लोड गर्न सकिन्छ। बटम लोडिङमा पाइपको सहायतामा ढक्कन छोपेर तेल हाल्ने भएकाले प्रदूषण नै हुँदैन। ट्यांकरको माथिल्लो भागको निश्चित विन्दुसम्म मात्रै तेल लोड गर्न पाइने भए पनि अहिले चालकले बदमासी गरेर बढी तेल हालेर ल्याउने र तेल चोरी गर्ने गरेका छन्। तर, बटम लोडिङ भएपछि निश्चित तहमा तेल पुगेपछि सेन्सरले काम गर्छ र लोडिङ आफैं बन्द हुन्छ भने माथिल्लो ढक्कन पूर्ण रूपले बन्द हुने भएकाले चोरी गर्ने वा वाष्पीकरणमार्फत नोक्सानी हुने हुँदैन।

अहिले सबै ट्यांकरको माथिल्लो भागको ढक्कन खोलेर पाइपको सहायतामा तेल हाल्ने प्रविधि छ। यस्तो प्रविधि पुरानो र इन्धन चुहावट अत्यधिक हुने भन्दै आइओसीले आफ्ना सबै डिपोमा बटम लोडिङ गर्ने 'टिएलएफ सेड' बनाएको छ। बैतालपुर डिपोमा भने बटम लोडिङको मात्रै टिएलएफ सेड भएकाले ट्यांकरको माथिल्लो भागबाट तेल हालेर दिन नसक्ने भन्दै १५ दिनअघि निगमलाई पत्राचार गरेको थियो। आइओसीले निगमलाई पटक-पटक ताकेता गरे पनि कार्यान्वयन नगरेपछि बैतालपुर डिपोले आपूर्ति नै रोकिदिने चेतावनी दिएको हो। त्यसपछि भने निगमको बजार व्यवस्था विभागका नायब कार्यकारी निर्देशक वीरेन्द्र गोइत र आपूर्ति तथा वितरण विभाग निर्देशक पूर्ण रिजाल आइओसीका उच्च अधिकारी भेट्न साताअघि दिल्ली गएका थिए। उनीहरूले दिल्ली पुगेर बैतालपुरबाट पेट्रोल आपूर्ति रोकिए रुपन्देही, नवलपरासी, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मीलगायतका जिल्लामा इन्धन अभाव हुन सक्ने भन्दै तत्काललाई आपूर्तिमा असर नपर्ने गरी व्यवस्थापन गरिदिने आग्रह गरेका थिए। त्यसपछि आइओसीले दुई महिनाभित्र बटम लोडिङका लागि ट्यांकरहरू तयार गर्ने समयसीमा दिएको थियो।

आइओसी अधिकारीलाई भेटेर फर्किएका वितरण विभाग निर्देशक रिजालले पनि बटम लोडिङका लागि ट्यांकरहरूलाई तयार गर्न थालिएको बताए। 'अहिले भैरहवा डिपोमा पेट्रोल ल्याउने ट्यांकरको स्तरोन्नति गरेर बटम लोडिङका लागि योग्य बनाइँदैछ,' उनले भने, 'तर, अब सबैतिरका ट्यांकरहरू बटम लोडिङका लागि योग्य नबनाई सुखै छैन।' निगमले देशभर इन्धन ढुवानीका लागि एक हजार आठ सयभन्दा बढी ट्यांकरलाई करारमा लिएर परिचालन गरिरहेको छ।

निगमले मधेश प्रादेशिक कार्यालय, अमलेखगन्जमा समेत मोतीहारीबाट पेट्रोल ल्याउन अहिले निर्माणाधीन पूर्वाधारमा बटम लोडिङ गर्ने २४ वटा नयाँ टिएलएफ सेड बन्दै छन्। आगामी ६ महिनाभित्र निर्माणले पूर्णता पाउने भएकाले अमलेखगन्जबाट निगमकै अन्य डिपोमा तेल ढुवानी गर्ने ट्यांकरमा समेत बटम लोडिङ प्रविधि जडान गर्नुपर्ने बाध्यता छ। तर, निगम व्यवस्थापनले चासो दिएको छैन।

गत २२ साउनमा आइओसीको मोतीहारी डिपोदेखि निगमको थानकोट डिपोसम्म पेट्रोल ढुवानी गर्ने दुईवटा ट्यांकरमा बटम लोडिङको सुरुवात गरिएको थियो। त्यसयता यस कार्यले तीव्रता पाउनुपर्ने भए पनि हालसम्म ६-७ वटा ट्यांकरमा मात्रै बटम लोडिङ जडान भएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कृषि उत्पादन प्रवर्द्धन गर्न 'फार्म टु प्लेट' अवधारणा : राष्ट्रपति पौडेल



काठमाडौं/ राष्ट्रपति रामचन्द्र पौडेलले जनसंख्याको ठूलो हिस्सा निर्भर रहेको कृषि उत्पादन सीधै तारे होटेलहरूमा आपूर्ति गरेर 'फार्म टु प्लेट'को अवधारणा अघि बढाउन आग्रह गरेका छन्। होटेल संघ नेपाल (हान)ले मंगलबार आयोजना गरेको 'नेपाल सत्कार दिवस, २०२४' लाई सम्बोधन गर्दै उनले देशको मौलिक रैथाने खाना र संस्कृतिलाई विश्वमाझ प्रवर्द्धन गर्नुपर्ने बताए। 'व्यवसायी आफैंले कृषि फार्म स्थापना गरेर होटेललाई चाहिने खाद्यान्न उत्पादन गर्न सक्छन् अथवा किसानसँग सम्झौता गरेर 'फार्म टु प्लेट'को अवधारणा पनि अघि बढाउन सकिन्छ,' राष्ट्रपति पौडेलले भने, 'आफ्नै देशमा उत्पादित खाद्यान्न प्रवर्द्धनमा होटेल व्यवसायी लाग्नुपर्छ।' होटेल तथा रिसोर्टको विस्तारसँगै देशमा नयाँ गन्तव्यको विकास भएको बताउँदै उनले देशको पर्यटनलाई सफल तुल्याउन पूर्वाधार निर्माणका काम भइरहेको बताए।

'नेपालको विशिष्टता, प्राकृतिक सौन्दर्य, संस्कृति र सभ्यतालाई विश्व पर्यटन बजारमा प्रवर्द्धन गरी आय-आर्जन र समृद्धिका आधारका रूपमा स्थापित गर्नुपर्छ,' राष्ट्रपति पौडेलले भने, 'यस वर्ष १० लाखभन्दा बढी पर्यटक भित्रिसकेको सन्दर्भमा आगामी दिन अझ उत्साहजनक हुनेछ भन्ने मलाई आशा छ।' नवनिर्मित अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण सञ्चालनमा ल्याई देशमा बढीभन्दा बढी विदेशी पर्यटक भित्र्याउन सके समृद्धि छिट्टै हासिल हुने उनको भनाइ थियो।

राष्ट्रपति पौडेलले पर्यटन उद्योगको आधारस्तम्भका रूपमा रहेको होटेल क्षेत्रलाई अन्य मुलुकसरह प्राथमिकताप्राप्त उद्योगका रूपमा वर्गीकरण गरी निजी क्षेत्र र सरकारी निकायबीच समन्वय गरेर अगाडि बढ्नुपर्नेमा जोड दिए।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलवन्दी वोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८०/१०/०३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा लिंदाको बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदी चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिको विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको सांवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलवन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रहि गोप्य शिलवन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रक्रीया अगाढी बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने माहानुभावहरुलाई समेत कालो सूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानि ऋणी तथा सम्बन्धित पक्षहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

हेटौंडा शाखा, मकवानपुर

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २०७२४२/०७५/०७६ अन्तर्गत मिति २०७५/१०/१० मा दर्ता कायम भएको **कुष्माण्ड मल्टिपर्पोज प्रा.लि.** कम्पनी दर्ता ठेगाना : हेटौंडा उ.म.न.पा. - ९, मकवानपुर स्थायी लेखा नं. ६०६५९६३५०, मिति २०७५/११/०८ **संचालक अध्यक्ष : रमेश तिमिल्सीना** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा**	**शिवराम के.सी.** ना.प्र.नं. ६४, जारी मिति २०५१/०२/१३ जि.प्र.का. मकवानपुर बाबुको नाम : धनराम क्षेत्री बाजेको नाम : कृष्ण बहादुर क्षेत्री स्थायी ठेगाना : हेटौंडा न.पा. - ९, मकवानपुर

संचालक तथा व्यक्तिगत जमानत दिनेको विवरण

विमला तिमिल्सीना	विमला कुंवर	रमेश तिमिल्सीना
ना.प्र.नं. ३१३०२३/१७०१ ख जारी मिति २०६३/११/१५, जि.प्र.का. मकवानपुर बाबुको नाम : कृष्ण प्रसाद रुपाखेती पतिको नाम : रमेश तिमिल्सीना ससुराको नाम : राम प्रसाद तिमिल्सिना स्थायी ठेगाना : हेटौंडा न.पा. - ९, मकवानपुर	ना.प्र.नं. १८४/०४४/४५, जारी मिति २०६०/१०/२६, जि.प्र.का. चितवन बाबुको नाम : भरत बहादुर कुंवर पतिको नाम : शिवराम के.सी. ससुराको नाम : धनराम क्षेत्री स्थायी ठेगाना : भण्डारा - १, चितवन हालको ठेगाना : हेटौंडा न.पा. - ९, मकवानपुर	ना.प्र.नं. २५०३०, जारी मिति २०५०/०२/२० जि.प्र.का. मकवानपुर बाबुको नाम : राम प्रसाद तिमिल्सिना बाजेको नाम : मनोरथ तिमिल्सिना स्थायी ठेगाना : हेटौंडा न.पा. - ९, मकवानपुर

धितोको विवरण

घर/जग्गाको विवरण

१. कृष्ण बहादुर क्षेत्रीको नाति, धनराम क्षेत्रीको छोरा, शिवराम के.सी. को नाममा मालपोत कार्यालय, खैरहनी, चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, भण्डारा गा.वि.स./न.पा. वडा नं. ७ क स्थित कित्ता नं. ८३० को क्षेत्रफल ०-७-०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. मनोरथ तिमिल्सिनाको नाति, राम प्रसाद तिमिल्सिनाको छोरा, रमेश तिमिल्सीनाको नाममा मालपोत कार्यालय हेटौंडा, मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९ स्थित कित्ता नं. १०८११, १०८१० र १०८१२ को क्षेत्रफल क्रमशः ०-२-३.७५-०, ०-१-११.७५-० र ०-१-६.५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. भरत बहादुर कुँवरको छोरी, धनराम क्षेत्रीको बुहारी, शिवराम के.सी. को पत्नी, विमला कुंवरको नाममा मालपोत कार्यालय हेटौंडा, मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९ स्थित कित्ता नं. ११९२७ र ११९३१ को क्षेत्रफल क्रमशः ०-०-१०-० र ०-०-७.५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

४. नर बहादुर तिमिल्सिनाको छोरी, कृष्ण बहादुर क्षेत्रीको बुहारी, धनराम खत्रीको पत्नी, चित्र कुमारी के.सी. को नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९ स्थित कित्ता नं. २७१९ को क्षेत्रफल ०-१-०-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

५. कुष्माण्ड मल्टिपर्पोज प्रा.लि. को नाममा मालपोत कार्यालय, हेटौंडा, मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९ स्थित कित्ता नं. ६७२३ को क्षेत्रफल ०-०-८.२५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

प्रगतिपथ शाखा, चितवन

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
कृष्ण बहादुर सापकोटा ना.प्र.नं. ३६२००५/१४८ जारी मिति २०६४/०७/१८, जि.प्र.का. नवलपरासी बाबुको नाम : तिल बहादुर सापकोटा बाजेको नाम : मनिराम सापकोटा स्थायी ठेगाना : गैंडाकोट - ४, नवलपरासी **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**तिल बहादुर सापकोटा** ना.प्र.नं. ११५५७ जारी मिति २०३९/०६/२५ जि.प्र.का. नवलपरासी बाबुको नाम : मनिराम सापकोटा बाजेको नाम : बलबहादुर सापकोटा स्थायी ठेगाना : गैंडाकोट - ४, नवलपरासी	**सुरेश बहादुर सापकोटा** ना.प्र.नं. ३६२००५/५२१ जारी मिति २०६६/०२/१० जि.प्र.का. नवलपरासी बाबुको नाम : तिल बहादुर सापकोटा बाजेको नाम : मनिराम सापकोटा स्थायी ठेगाना : गैंडाकोट - ४, नवलपरासी

व्यक्तिगत जमानत दिनेको विवरण

अंजली क्षेत्री	डोमु कुमारी सापकोटा
ना.प्र.नं. ३६२००५/४५९७, जारी मिति २०७१/१२/०४, जि.प्र.का. नवलपरासी बाबुको नाम : वृष बहादुर क्षेत्री पतिको नाम : कृष्ण बहादुर सापकोटा ससुराको नाम : तिल बहादुर सापकोटा स्थायी ठेगाना : गैंडाकोट - १३, नवलपरासी	ना.प्र.नं. ३०९६२, जारी मिति २०४६/०१/१९, जि.प्र.का. नवलपरासी पतिको नाम : तिल बहादुर सापकोटा ससुराको नाम: मनिराम सापकोटा स्थायी ठेगाना : गैंडाकोट - ४, नवलपरासी

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
Tata Moters HCV Trucks	Bagmati Province 03 001 Kha 1988	2021	12J63881188	MAT466420M1R18877
Tata Moters HCV Trucks	Bagmati Province 03 001 Kha 1989	2021	12H63877884	MAT466420M1R18223

इमाडोल शाखा, ललितपुर

